# सानु लामाका कथामा आञ्चलिकता

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

**लघु शोधप्रबन्ध**

**शोधार्थी**

**सत्य राई**

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

फरवरी २०२०

# सानु लामाका कथामा आञ्चलिकता

लघु शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल

परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

**लघु शोधप्रबन्ध**

**शोध निर्देशक**

बलराम पाण्डे

सह प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

सत्य राई

पञ्जीकरण सङ्ख्याः 18/M.Phil/NEP/06

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

फरवरी २०२०

सिक्किम विश्वविद्यालय
(भारतीय संसद के अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
गुणवत्तापूर्ण प्रबंधन प्रणाली ISO 9001:2008 हेतु प्रमाणित संस्थान
SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India in 2007]*
An ISO Quality Management System 9001:2008 Certified Institution

No. SU/LIB/F-1/05/NOT/2017/2020/002. Dated 31-01-2020

From: Prof A S Chandel,
Librarian

To

The Head,
Department of Nepali,
Sikkim University

Sub: Anti-Plagiarism Check

Dear Madam,

With reference to your inquiry about the plagiarism check of theses of your department, I may inform you that the present software (URKUND) being used by the University and approved by the UGC does not support languages like Hindi Nepali and other regional languages. Therefore, works written in these languages cannot be tested for plagiarism. However, the supervisor and the Head of the department may certify at their respective ends that to the best of their knowledge the thesis being submitted for the award of MPhil/PhD degree is free of plagiarism or within the limit prescribed by UGC.

Yours sincerely,
A S Chandel
( A S Chandel)

Copy for information:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-Charge Department of Hindi

6 माईल, सामदुर, तादोंग, गगंटोक - 737102 सिक्किम, भारत
दूराभाष : 00-91-3592 - 251067, 251403, फैक्स :- 251067/251757

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India
Phones : 00-91-3592-251067, 251403, Fax - 251067/251757
website : www.sikkimuniversity.in/www.sikkimuniversity.ac.in
Email : sikkimuniversity@gmail.com

SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India, 2007]*

**DEPARTMENT OF NEPALI**
SCHOOL OF LANGUAGES & LITERATURE

Balaram Pandey
Assistant Professor
Department of Nepali
Sikkim University

## शोध निर्देशकको अग्रसारण

"सानु लामाका कथामा आञ्चलिकता" शीर्षक रहेको प्रस्तुत लघु शोधप्रवन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्काय अन्तर्गत नेपाली विभागको एमफिल उपाधिका निम्ति निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्ति स्वरूप श्री सत्य राईले मेरो निर्देशनमा रही तयार पारेका हुन्। यसको समुचित मूल्याङ्कनका निम्ति आवश्यक कार्यवाही हेतु सम्वन्धित निकायमा प्रस्तुत गर्ने अनुमतिसहित म यो लघु शोधप्रवन्ध अग्रसारित गर्दछु।

Supervisor
Department of Nepali

(बलराम पाण्डे)

सहायक प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय



6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91–03592251342 (O), WWW.sikkimuniversity.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल उपाधिका लागि "सानु लामाका कथामा आञ्चलिकता" शीर्षकमा तयार गरिएको प्रस्तुत लघु शोधप्रबन्ध मेरो नितान्त मौलिक कार्य भएको हो। शोध निर्देशक सह प्राध्यापक डा बलराम पाण्डेको कुशल निर्देशनमा रहेर मैले यो शोधकार्य पूर्ण गरेको हुँ। मैले यस शोध लेखनमा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी त्यसलाई वैज्ञानिक ढङ्गमा उपयोग गरेको छु। यस शोधप्रबन्धको निष्कर्ष मैले यसअघि कुनै उपाधि तथा प्रयोजनका लागि प्रयोग गरेको छैन। शोधप्रबन्धभित्रका कुनै पनि अंश अन्य पत्र-पत्रिका तथा कुनै पनि पाठ्य पुस्तकको अंशको रूपमा प्रकाशित गराएको छैन।

उपर्युक्त शोध कार्यको विरुद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म सम्पूर्ण रूपले उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता प्रकट गर्दछु।

7/2/2020
Supervisor
Department of Nepali

07/02/2020
Head
Department of Nepali
Sikkim University

शोधार्थी
सत्य राई
सत्य राई

पञ्जीकरण सङ्ख्या- 18/M.Phil/NEP/06

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

## कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालय नेपाली विभागमा एमफिल उपाधि प्राप्त गर्न हेतु "सानु लामाका कथामा आञ्चलिकता" शीर्षकको शोध अध्ययन श्रद्धेय गुरु प्रा. बलराम पाण्डे, सह प्राध्यापक, नेपाली विभाग, सिक्किम विश्वविद्यालयको मार्ग निर्देशनमा तयार गरेको छु। उहाँबाट प्राप्त सुझाउ र मार्गनिर्देशनले म यो शोधप्रवन्ध तयार गर्न सक्षम भएको छु। उहाँको प्रोत्साहन र सहयोगको निम्ति म सदैव आभारी रहनेछु।

यस शोध अध्ययनको क्रममा पश्चिम बङ्गाल, बिरपाडा महाविद्यालयका सह प्राध्यापक डा. दिलकुमार श्रेष्ठले सम्बन्धि विषयका पुस्तक उपलब्ध गराईदिनु भयो साथै यस शोध विषय सम्वन्धि महत्त्वपूर्ण सुझाव दिएर मभित्रको आत्मवल बढाइदिनुभएवापत उहाँप्रति म सदैव कृतज्ञ रहनेछु। सिक्किम विश्वविद्यालय नेपाली विभागका श्रद्धेय गुरुजनमा प्रा डा समर सिन्हा, डा अरूणा राई, प्रा डा पुष्प शर्मा, प्रा डा. देवचन्द्र सुब्बा, डा सुमन वान्तवावाट प्राप्त वहुमूल्य सुझाउ अनि सहयोगको निम्ति म आभारी रहनेछु।

प्रस्तुत शोधकार्यका निम्ति आवश्यक सामग्री जुटाइदिनु भएकोमा प्रा डा राजकुमारी दाहाल र विभिन्न पुस्तकालय अनि पदाधिकारीगण जसमा निर्माण प्रकाशन पुस्तकालय उल्लेखनीय रहेको छ, यहाँहरू सवैलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु। नेपाली विभागका मेरा अग्रज शोधार्थी दाजुदिदी कृष्णकुमार सापकोटा, मनिता रासाइली, हेमलता राई, अनि सहपाठी मित्रगण कृष्णमाया दाहाल, योगेश लिम्बू, नवराज छेत्री, कपिल तामाङ, रोशनी भुजेल, रेनुका छेत्रीले पुस्तक तथा पत्र-पत्रिका उपलब्ध गराइ प्रत्यक्ष-परोक्ष सहयोग दिनु भएको छ। यहाँहरू सम्पूर्णमा म हार्दिक आभार व्यक्त गर्दछु।

प्रस्तुत शोधकार्य लेखन अनि तयारीको अवधिमा ममाथि आइपरेका अनेकौं समस्याहरूलाई समाधान गर्न सदैव सहयोग, सुझाउ, मार्गनिर्देशन साथै प्रेरणा दिनुहुने मेरा पूज्यनीय माता-पिता तथा प्रतिकूल परिस्थितिमा मलाई हौसला साथै सुझाउ दिनुहुने मेरा दाजुदिदी सिल्भनस् तामाङ, ए. डी. तामाङ, सन्तोष देवापते, ग्यालछेन भोटिया, रेमित लेप्चा, निक्की घत्‌राजप्रति सदैव कृतज्ञ रहनेछु।

विनीत,

सत्य राई

सत्य राई

नेपाली विभाग, सिक्किम

विश्वविद्यालय

## सङ्क्षिप्त शब्दरूप

चौ सं -------------------------- चौथो संस्करण

ते सं --------------------------- तेस्रो संस्करण

दो सं --------------------------- दोस्रो संस्करण

पृ. ------------------------------ पृष्ठ

प्रा. लि. ------------------------- प्राइवेट लिमिटेड

डा ------------------------------ डाक्टर

सि.आइ.आइ.एल ----------------- सेन्ट्रल इन्स्टिच्युट् अव् इन्डियन ल्यङ्गवेजेस्

सम्पा ---------------------------- सम्पादक

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | क |
| शोध निर्देशकको अग्रसारण | ख |
| प्रतिबद्धता पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ-ङ |
| सङ्क्षिप्त शब्दरूप | च |
| **१. पहिलो अध्याय** | **१-११** |
| **१. शोध परिचय** | |
| १.१ शोधको शीर्षक | |
| १.२ शोध शीर्षकको परिचय | |
| १.३ शोधको प्रयोजन | |
| १.४ शोधको समस्या | |
| १.५ शोधको उद्देश्य | |
| १.६ पूर्वकार्यको समीक्षा | |
| १.७ शोध विधि | |
| १.७.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार | |
| १.८ सामग्री सङ्कलन विधि | |
| १.९ शोधकार्यको सीमाङ्कन | |

**२. दोस्रो अध्याय** **१२-३३**

**२. आञ्चलिकताको सैद्धान्तिक परिचय**

२.१ आञ्चलिकता शब्दको व्युत्पत्ति अनि अर्थ

२.२ आञ्चलिक लेखन र आलोचनाको परम्परा

२.३ आञ्चलिकताका परिभाषाहरू

२.४ आञ्चलिकताको विशेषता

  २.४.१ स्थानीय रङ्ग

२.५ आञ्चलिकताको निर्माण तत्त्व

२.६ ग्रामीण अञ्चल अनि नगराञ्चल (सहरी अञ्चल)

२.७ आञ्चलिकताको प्रयोजन एवम् उद्देश्य

**३. तेस्रो अध्याय** **३४-४२**

**३. भारतीय नेपाली कथामा आञ्चलिकताको प्रयोग**

३.१ विषय प्रवेश

३.२ भारतीय नेपाली कथामा आञ्चलिकताको प्रयोग

**४. चौथो अध्याय** **४३-६२**

**४. आञ्चलिकताको दृष्टिकोणले सानु लामाका कथाहरूको विश्लेषणात्मक अध्ययन**

४.१ सानु लामाको परिचय अनि जीवनी

४.२ साहित्यिक यात्रा

४.३ कथासङ्ग्रह

४.४ अन्यान्य विषयका कृतिहरू

४.५ सम्मान एवम् पुरस्कार

४.६ सानु लामाका कथाहरूको प्रवृत्तिगत विशेषताहरू

४.७ सानु लामाको कथाकारिता

४.८ सानु लामाका कथामा आञ्चलिकताको प्रयोग

४.८.१ कथा सम्पद कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

४.८.२ मृगतृष्णा कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

४.८.३ सूर्यको तेस्रो किरणका कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

**५. पाँचौं अध्याय** **६३-६६**

**५. उपसंहार अनि निष्कर्ष**

**सन्दर्भग्रन्थ सूची** ६७-७२

**परिशिष्ट**

# पहिलो अध्याय

## १. शोध परिचय

### १.१ शोधको शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *सानु लामाका कथामा आञ्चलिकता* रहेको छ।

### १.२ शोध शीर्षकको परिचय

अञ्चल शब्दमा इक+ता प्रत्यय जोडेर आञ्चलिकता भाववाचक नाम शब्द बनेको हो। यसको अर्थ अञ्चलसित वा कुनै भेक, प्रदेश, ठाउँ आदिसँग सम्बन्धित हुनुको भाव वा अवस्था भनेर बुझिन्छ। साहित्यमा अञ्चल शब्दको लाक्षणिक प्रयोग भएको पाइन्छ। अञ्चल शब्दले एउटा भूखण्ड विशेषको समग्र जनविहीन भूखण्ड नबुझाएर कुनै देशभित्रको त्यस भौगोलिक खण्डको एकाइतिर सङ्केत गरेको हुन्छ, जसको आफ्नै विशिष्ट भाषा र संस्कृति हुन्छ, सामाजिक एवम् प्राकृतिक परिवेश हुन्छ अनि सङ्घ-संस्थान र लोक परम्पराहरू हुन्छन्।[1]

कुनै अञ्चल विशेषको भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि विशेषताहरूको वर्णन गर्नु नै आञ्चलिकता हो। कथामा वर्णन गरिने ठाउँ त्यहाँका बासिन्दाहरूको जीवनस्तर, रीति-रिवाज, पूजा-पर्व, लोकविश्वास, स्थानीय बोली आदिजस्ता कुराहरू कथामा पाइन्छ भने त्यस्ता कथाहरूमा आञ्चलिकता तथा स्थानीय रङ्ग रहेको हुन्छ। अनिथा पी एलको मतानुसार कुनै विशेष अञ्चलको समग्र समाज र जीवन त्यहाँकै वातावरण, भाषा अनि विभिन्न क्रियाकलापहरूलाई यथार्थ रूपले चित्रण गरिएको रचनालाई

---

[1]जवाहार सिंह, सन् १९८६, *हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि,* नई दिल्लीः नेशनल पब्लीसिङ हाउस, पृ.५०

आञ्चलिक कृति मानिएको छ।[2] उनको यस भनाइबाट कुनै पनि आञ्चलिक रचनामा अञ्चल विशेषको वास्तविक चित्रण साथै अञ्चलको सम्पूर्णता समावेश हुन्छ भन्ने बुझिन्छ।

इन्द्रबहादुर राईले आञ्चलिक लेखनलाई "यथार्थवादको एउटा भङ्गालो"[3] मानेका छन्। साहित्यमा आञ्चलिकताको सन्दर्भमा अझ उनले अञ्चल अञ्चलमाझ आआफ्नै किसिमको विशेषता रहने र त्यस विशेषतालाई साहित्यमा लेखिए त्यो आञ्चलिक हुने कुरा व्यक्त गरेका छन्।[4]

आञ्चलिकताबारे ई एम फोस्टर्रको धारणा अलि भिन्न रहेको पाइन्छ। फोस्टरले आञ्चलिकतालाई प्रान्तीयता (प्रोभेन्सियालिज्म) भनेर चर्चा गरेका छन्।[5] वास्तवमा फोस्टरको उक्त धारणासित सहमत हुन सकिँदैन कारण कुनै अञ्चल (रिजन) भन्नाले भौगोलिकताका आधारमा परिभाषित क्षेत्र हो भने कुनै प्रान्त (प्रोभिन्स) राजनैतिक रूपले परिभाषित क्षेत्र हो। आञ्चलिकताभित्र कुनै अञ्चल विशेषको प्रकृति परिवेश एउटा महत्त्वपूर्ण पक्ष रहने हुनाले पनि फोस्टर्रको उक्त मन्तव्य पूर्णरूपले सही रहेको मात्र अलि नमिल्ने देखिन्छ।

आञ्चलिकता लेखनसम्बन्धी धारणाको आरम्भ १८ औँ शताब्दीको उत्तरार्धमा अमेरिकाबाट भएको मानिन्छ। लेखन आन्दोलनको रूपमा आञ्चलिक लेखनको भूमिका अमेरिकी साहित्यमा निकै प्रभावशाली रहेको पाइन्छ। 'विटहर्ट' (१८३६-१९०२),

---

[2]अनिथा पी एल, सन् २००७, *समकालीन हिन्दी उपन्यास में आंचलिकता के विविध आयाम,* कोचीनः युनिभर्सिटी अव् साइन्स् एन्ड टेकनोलोजी, विद्यावारिधि शोधप्रबन्ध, पृ.१५

[3]राजकुमारी सिंह, सन् १९८८, *'हिन्दी तथा अंग्रेजी के आँञ्चलिक उपन्यासोंका तुलनात्मक अध्ययन',* कानपुर: अन्नपूर्णा प्रकाशन, पृ.४

[4]इन्द्रबहादुर राई, सन् १९९३ *नेपाली उपन्यासका आधारहरू* (द्वि सं), काठमाडौँ: साझा प्रकाशन, पृ.१५८

[5]राजकुमारी दाहाल, सन् २०११ *'नेपाली आञ्चलिक उपन्यास',* दार्जिलिङः राजकुमारी दाहाल प्रकाशन, पृ.१५

'विला केथर' (१८७४-१९४७), 'सिल्लेयर लेभिस' (१८८५-१९५३) आदिले यस आन्दोलनलाई महत्त्वपूर्ण रूपमा अघि बढाए। वास्तवमा 'विटहर्ट'-लाई आञ्चलिकताको सूत्रधार मानिन्छ। विटहर्टको कथा 'लक अव् रोअरिरङ्ग क्याम्प'-पछि प्रकृतिलाई अँगालेर लेखिएका कथाहरू आञ्चलिकतावादका कथाका रूपमा प्रचलित भएको देखिन्छ। अमेरिकापछि आञ्चलिक लेखन रूसमा १९ औँ शताब्दीको उत्तरार्धमा निक्कै चर्चित भयो। त्यहाँका यथार्थवादी उपन्यासकारहरूमध्ये पुस्किन, निकोलाई गोगल, तुर्गनेव आदि विशेष उल्लेख्य छन्।[6]

भारतीय सन्दर्भमा भने आञ्चलिक साहित्य लेखनको पृष्ठभूमि बङ्गला साहित्यमा पाइन्छ। शैलजानन्द मुखोपाध्यायले *कोयलाकुटि* (१९३०), *दिनमजुर* (१९३२) आदि उपन्यासद्वारा बङ्गला साहित्यमा आञ्चलिक गद्याख्यान लेखनको आरम्भ गरेका हुन्।[7]

हिन्दीमा फणीश्वरनाथ रेणुको *मैला आँचल* कृतिमा आञ्चलिकताको प्रथम झलक पाइन्छ भने नेपाली साहित्यमा कथाकार भवानी भिक्षुको *हारजीत* नै प्रथम आञ्चलिक कथा हो भन्ने ठहर गरिएको छ। नेपाली साहित्यमा चलेको आञ्चलिक लेखनबारे केही पत्र-पत्रिका र केही भूमिकाबाहेक सिङ्गो कृति पाइन्न। आञ्चलिकताबारे सिर्जनात्मक कृति पनि नेपाली साहित्यमा धेरै कम्ति रहेको छ भन्दा कुनै अत्युक्ति हुँदैन। तथापि केही कथा अनि केही उपन्यासहरू भने आञ्चलिकताको कसीमा लेखिएका छन् तर यस्ता कृतिहरू औँलामा गन्न सकिने देखिन्छ। त्यसैले दिलकुमार श्रेष्ठले आञ्चलिकता नेपाली साहित्यमा एक किसिमले ओझेलमा परेको दृष्टिकोण हो भनेका छन्।[8]

---

[6]राजकुमारी सिंह, सन् १९८८ 'हिन्दी तथा अंग्रेदी के आँचलिक उपन्यासोंका तुलनात्मक अध्ययन', पूर्ववत्, पृ.१७

[7]श्रीकुमार बन्दोपाध्याय, सन् १९८८, *बङ्ग साहित्येर उपन्यासेर धारा,* कलकत्ता, मर्डन बुक एजेन्स प्रा. लि. पृ.७६

[8]दिल श्रेष्ठ, सन् २००१, *आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू,* श्याम प्रकाशन, दार्जिलिङ, पृ-९

१९ औं शताब्दीको उत्तरार्द्ध र २० औं शताब्दीको पूर्वार्द्धमा विकसित आञ्चलिक लेखनले स्थानीयतासित असम्बद्ध आजको विश्व साहित्यिक अभिव्यक्तिमा कस्तो महत्त्व राख्दछ भन्ने कुराबारे आजका केही आलोचकहरूले चर्चा गरेका छन्। हेमलीन गारलेन्ड, अब्राहम केहेन, विल्ला केथर, जोरा नेल हड्स्टन अनि विलियम फल्क्नर आदि चर्चित लेखकहरूका लेखनबारे चर्चा गर्दै फिलिप जोसेफले आज पनि आञ्चलिक साहित्य लेखन सान्दर्भिक रहेको मानेका छन्। उनले आधुनिक पाठहरूसित आञ्चलिकता साहित्य गर्ने किसिमका आञ्चलिक लेखन केही असान्दर्भिक रहे तापनि प्रगतिशील सामूहिक स्थानीय समुदायका दूरदृष्टिलाई वैश्विक सङ्कथनसित जोड्ने आञ्चलिक लेखन आज पनि त्यतिकै महत्त्वपूर्ण मानेका छन्।[१] त्यसैले आजको साहित्यमा पाइने आञ्चलिकताको प्रयोगको अध्ययन सान्दर्भिक लाग्दछ।

भारतीय नेपाली कथा साहित्यमा सानु लामा एउटा परिचित नाम हो। सानु लामाका हालसम्म दशवटा कृतिहरू प्रकाशित छन्। ती हुन्-

(क) *कथा सम्पद* (कथासङ्ग्रह, सन् १९७४),

(ख) *गोजिका* (सन् १९८१),

(ग) *मृगतृष्णा* (कथासङ्ग्रह, सन् १९९०),

(घ) *भगवान बुद्ध जीवन र दर्शन* (अनुवाद, सन् १९९३),

(ङ) *गुरु पद्मसम्भव, भाग १-२* (अनुवाद, सन् १९९३),

(च) *हिमालचुली मन्तिर* (सन् १९९८),

---

[१]फिलिप जोसेफ, सन् २००६, *अमेरिकन लिटेरेरी रिजनलिज्म इन ए ग्लोबल एज,* लुइजियानाः लुइजियाना स्टेट युनिभर्सिटि प्रेस, पृ.४४७

(छ) *जहाँ बग्छ टिस्टा रंगीत* (गीति कविता, सन् २०००),

(ज) *आँगन परतिर* (नियात्रा),

(झ) *साना कथा* (कथासङ्ग्रह, सन् २००७) र

(ञ) *सूर्यको तेस्रो किरण* (कथासङ्ग्रह, सन् २००८)।

**१.३ शोधको प्रयोजन**

प्रस्तुत शोधकार्यको मूल प्रयोजन सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्काय अन्तर्गत नेपाली विभागबाट एमफिलको उपाधि प्राप्त गर्नु रहेको छ।

**१.४ शोधको समस्या**

प्रस्तुत शोधका निम्नलिखित समस्याहरू रहेका छन् :-

(क) नेपाली कथा साहित्यमा आञ्चलिकताको प्रयोग कस्तो छ ?

(ख) सानु लामाका कथामा आञ्चलिकताको प्रयोग कस्तो छ ?

(ग) आञ्चलिक कथा लेखनमा सानु लामा कतिको सफल देखन्छन् ?

**१.५ शोधको उद्देश्य**

प्रस्तुत शोधको निम्नलिखित उद्देश्यहरू रहेका छन्

(क) नेपाली कथा साहित्यमा आञ्चलिकताको प्रयोग परम्पराको छोटो सर्वेक्षण प्रस्तुत गर्नु।

(ख) सानु लामाका कथाहरूमा पाइने आञ्चलिकताको प्रयोग, आञ्चलिक रङ्ग अनि विविध पक्षबारे चर्चा गर्नु।

(ग) आञ्चलिक कथा लेखनमा सानु लामा कतिको सफल र सक्षम छन् भन्ने कुराको खोजी गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

घनश्याम नेपालले आफ्नो सम्पादित पुस्तक *कथा सागर* -को परिचय दिने क्रममा सानु लामालाई वर्तमान समाजका दैनन्दिन समस्या बढ्दो जटिलता, वैज्ञानिक तथा बौद्धिक विकासका अघिल्तिर व्यक्तिको घट्दो मूल्य, व्यक्तिगत दुर्बलता र समाजमाथि त्यसको प्रभाव, अध्यात्म, ईश्वर आदिसम्बन्धी आदर्शप्रतिको अनास्था आदिलाई विभिन्न प्रकारले अभिव्यक्ति दिने भारतीय कथाकार मानेका छन्। यद्यपि उनले लामाको आञ्चलिक प्रवृत्तिको चर्चा गरेका छैनन्।

मोहन पी दाहाल अनि नरेशचन्द्र खातीद्वारा सम्पादित नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालयको *नेपाली जर्नल* वर्ष ०१, अङ्क ०१-मा प्रकाशित पुष्प शर्माको लेख 'समसामयिक कथा र सानु लामाका कथामा नारी पात्र'- मा सानु लामाका कथामा वस्तु र पात्रको चयन प्रायः मध्यमवर्गीय समाजबाट गरिएका नारीहरू पाइन्छन् भन्ने विचार प्रस्तुत गरेकी छन्। शर्माले सानु लामाको 'कमला' कथाको चर्चा गर्दै सिक्किममा राजतन्त्र छँदा विद्यमान झार्लाङ्गी प्रथाको चित्रण यस कथामा भएको उल्लेख गरेकी छन्। कथामा ठिकादार जगत्सिंहले आफ्नो रैती मानवीरकी छोरीलाई आफ्नो कोठामा बोलाएर बलात्कार गरेको प्रसङ्गलाई झिक्दै कथाले निम्नवर्गीय समाजका मानिसहरूमाथि भएको शोषण, अमानवीय कार्यले ल्याएको कारूणिकता र दुखान्त चित्रण गरेको छ भन्ने विचार शर्माको रहेको छ। यहाँ अन्याय, अत्याचार, दुःख, शोषण, करूणा आदि चित्र देखाइएको सबै वस्तुस्थिति अनि ऐतिहासिक विवरणले सिक्किमको आञ्चलिक समस्या र ऐतिहासिक तथ्यलाई उजागर गरेको मान्न सकिन्छ जो यस लेखमा चर्चा भएको छैन।

असीत राईले आफ्नो पुस्तक *भारतीय नेपाली साहित्यको इतिहास*-मा सानु लामालाई संवेदनशील अनि कलात्मक प्रखरता भएको कथाकार मानेका छन्। उनको कथाको अन्य पक्षबारे यस पुस्तकमा चर्चा भएको छैन।

घनश्याम नेपालले आफ्नो पुस्तक *नेपाली साहित्यको परिचयात्मक इतिहासमा*-सानु लामाको कथाकारिताबारे चर्चा गर्दै उनलाई यदाकदा मनोलोकतिर पनि चिहाउने कथाकार मानेका छन्। जीवन-जगत्प्रतिको संवेदनापूर्ण र करूणामय कोमलता उनका कथाको एउटा मुख्य विशेषता हो भन्ने विचार उनको रहेको छ।

घनश्याम नेपालद्वारा नै सम्पादित *अभिज्ञान* सन् २०१० वर्षः १, अङ्कः १- मा प्रकाशित सविता तामाङको लेख 'सानु लामाको कथा-सम्पद कथा सङ्ग्रहका नारी पात्र' मा सानु लामाको कथामा पात्रको चयन मध्यमवर्गीय सामाजबाट भएको छ भन्ने मत प्रस्तुत गरिएको छ। मूलत: नारी पात्र पत्नीका रूपमा देखिएका र 'स्वास्नी मान्छे' कथाकी ठुली कान्छीबाहेक अन्य स्त्री पात्र पुरुषद्वारा प्रताडित रहेको कुरा यस लेखमा वर्णित छ। 'कमला' कथाकी पात्र कमलामाथि भएको अन्यायको चर्चा यस लेखमा प्रस्तुत गरिएको छ। सिक्किमको इतिहासको लामो कालखण्डसम्म विद्यमान काजी प्रथामा रहेको क्रुर व्यवस्थालाई झल्काउने यस कथाको विषयवस्तु पूर्णरूपले आञ्चलिक हो। त्यस व्यवस्थाको पीर, मर्का र शोषण-अन्याय भोग्ने थुप्रै कमलाहरूको प्रतिनिधि पात्रका रूपमा रहेकी कमला एउटी आञ्चलिक पात्र बन्न गएकी छन्। कमलामाथि भएको शोषणको चर्चा गरिएको भए तापनि तामाङको उक्त लेखमा कथा र कथाकी पात्रमा देखिने आञ्चलिक स्वभाव र विशेषताको वर्णन भएको देखिँदैन।

पुष्कर पराजुलीद्वारा सम्पादित नेपाली अर्धवार्षिक शोधपत्रिका *अभिज्ञान* वर्षः २, अङ्कः ३, सन् २०११ मा प्रकाशित रेनुका तामाङको लेख 'सानु लामाका कथामा पारिवारिक चित्रण'-मा सानु लामाका धेरैजसो कथामा असंयुक्त वा एकल पारिवारिक

चित्रण पाइने कुरा उल्लेख छ। यस लेखमा लामाका कथामा पाइने आञ्चलिकताको कुनै पनि विशेषताबारे प्रत्यक्ष अध्ययन भएको पाइँदैन। तथापि उनका प्राय: जसो कथाहरू निम्नवर्गीय ग्रामीण परिवेशमा हुर्केका परिवारहरूलाई लिएर लेखिएको र धेरैजसो कथामा अशिक्षित तथा अल्पशिक्षित परिवारहरूको कथा पाइने कुराको उल्लेख पाइन्छ। यसर्थ यस लेखले सानु लामामा आञ्चलिक विशेषता पाउन सकिने सम्भावना देखाएको मात्र सकिन्छ।

उदय छेत्रीद्वारा सम्पादित *अकादमी जर्नल* सन् २०१८, वर्षः १४, अङ्कः ७ मा प्रकाशित मेहेरमान सुब्बाको लेख 'सानु लामाको कथाकारिता : संक्षिप्त अध्ययन' मा लामाका कथामा आर्थिक विपन्नता, निम्नवर्गीय नेपाली जनजीवनको दयनीय स्थिति अनूदित हुने गरेको चर्चा पाइन्छ। साथै सानु लामाका कथामा बौद्धवादप्रतिको आस्था र दर्शन चित्रित रहेको कुरा पनि यस लेखमा प्रस्तुत भएको छ। सुब्बाले सानु लामा प्रकृति चित्रणका एकजना बेजोड कथाकार हुन् भन्दै 'पैयुँ फुलेको दिन' कथालाई यसको सुन्दर नमूना भने तापनि उनले सानु लामाका कथाहरूको आञ्चलिक पक्षको अध्ययन गरेका छैनन्। तथापि उनले एक ठाउँ लेखेका छन्- आञ्चलिकताको घेराभित्र सार्वभौम मानव जीवनलाई चित्रण गर्नु उनको कथाकारिताको मूलभूत वैशिष्ट्यमध्ये एक हो। सिक्किमेली ग्रामीण जीवनभित्र सम्पूर्ण जनजीवनलाई अटाउनु उनको कथा लेखनको सीप मानिन्छ।

कल्पना त्रिपाठीले आफ्नो पुस्तक *सानु लामाका कथामा* सामाज-मा सानु लामाका कथा कृतिहरूको परिचय दिँदै *कथा सम्पद, मृगतृष्णा* अनि सानु लामाका साना कथाहरूको विविध पक्षको सङ्क्षिप्त चर्चा प्रस्तुत गरेकी छन। कथामा समाजको अध्ययन गर्ने क्रममा सामाजिक, आर्थिक, सांस्कृतिक, मनोवैज्ञानिक, राजनैतिक, शैक्षिक, धार्मिक र प्रेम पक्षको चर्चा अति नै सङ्क्षिप्तमा गरिएको छ। त्रिपाठीले सानु लामाले 'खुकुरीको आत्मकथा' लेखेर साहित्य जगत्मा प्रवेश गरे तापनि उनको प्रथम प्रकाशित 'चंगा' हो

भन्ने मत प्रस्तुत गरेकी छन्। यस पुस्तकमा सानु लामाका कथाहरू मूलतः सिक्किमको सामाजिक, भौगोलिक र ऐतिहासिक पृष्ठभूमिमा आधारित छ। सामाजिक यथार्थवादी साथै मानसिक द्वन्द्वको चित्रण भएका कथाहरूको सङ्ख्या धेरै छ भन्ने विचार प्रस्तुत भएको पाइन्छ। यस पुस्तकमा सानु लामालाई मूलतः आञ्चलिक कथाकारका रूपमा परिचित गराइएको छ। सिक्किमे ग्रामीण जनजीवनका विविध पक्षको चित्रण-वर्णन र अङ्कन गर्नमा उनी पारङ्गत छन्। उनका कथामा विशेष गरेर निम्न र निम्नमध्यम वर्गका पात्र-पात्राको जीवन सङ्घर्ष, आर्थिक अभाव र मानसिक पीडाको चित्रण पाइन्छ भन्ने सङ्क्षिप्त सार यस पुस्तकमा प्रस्तुत गरिएको छ। यसमा सानु लामाको कुनै पनि कथाको आञ्चलिक पक्षबारे अध्ययन भने गरिएको पाइँदैन।

कुशल छेत्रीको एमफिल लघु शोधप्रबन्धमा आधारित पुस्तक *बौद्ध दर्शनका सन्दर्भमा सानु लामाका कथाहरू* -मा सानु लामाका कथाहरूमा बौद्ध दर्शनको खोजी गर्ने प्रयास भएको छ। यसमा बौद्ध दर्शनका विविध पक्षहरूको आधारमा लामाका कथाहरूको अध्ययन गरिएको छ। छेत्रीको उक्त लघु शोध दार्शनिक विषयमा केन्द्रित रहेको देखिए तापनि सानु लामाका कथागत प्रवृत्तिको चर्चा गर्ने क्रममा भने आञ्चलिकतालाई पनि एउटा मूलभूत प्रवृत्ति मानिएको छ। यस शोधमा आञ्चलिकता सानु लामाका कथागत विशेषताहरूमध्ये एउटा हो। यसैले उनका कथामा सिक्किमका विभिन्न भौगोलिक अञ्चलहरूका छवी स्पष्ट मुखरित भएको पाइन्छ। उनले सानु लामाका 'स्वास्नी मान्छे', 'पहाडी फूल काँडाकै माझ', 'इयरिङ', 'पैंयु फुलेको दिन' आदि कथामा आञ्चलिक प्रवृत्ति रहेका छन् भन्ने कुराको उल्लेख गरेका छन्।

सानु लामाका कथाबारे मोहन पी दाहाल लेख्छन्- लामा मूलतः सामाजिक कथाकार हुन्। यथार्थवाद उनको कथा साहित्यको मेरु हो। मानव समाज र आफूले टेकेको माटो निरपेक्ष सानु लामाको गद्याख्यान कल्पनातीत छ। सिक्किमेली आञ्चलिक

पृष्ठभूमिमा उभिएका उनका कथा हिमाली क्षेत्रको सार्विक परिदृश्य र परिप्रेक्ष्यसँग समीकृत बनेका छन्। यसरी दाहालले पनि उनको कथामा आञ्चलिकताको पुट रहेको कुरा गरेका छन्।

यी अहिलेसम्म भेटिएका पूर्वकार्यको अध्ययनअनुसार सानु लामाका कथाहरूमा पाइने आञ्चलिकता वा आञ्चलिक रङ्गसम्बन्धी अरू कुनै विशेष अध्ययन भएको थाहा लाग्दैन। एक दुईवटा लेख आदिमा उनका कथामा आञ्चलिक पक्ष पनि पाइने कुराको उल्लेख भएको छ तर आञ्चलिकताका आधारमा उनका कुनै पनि कथाहरूको अध्ययन भएको पाइँदैन। यसर्थ यस शोधकार्यमा लामाका कथाहरूको आञ्चलिक पक्षको अध्ययन गरिएको छ।

## १.७ शोध विधि

### १.७.१ अध्ययन विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधमा निगमनात्मक शोधपद्धति अनि विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यसको प्राविधिक गठनका लागि नेपाली लेखन शैलीको प्रयोग गरिएको छ। यस शोधमा केही शब्दकोशगत द्विविधा रहेकाले विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित *नेपाली प्रयोगात्मक शब्दकोश* -लाई आधार मानिएको छ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन मुख्य रूपले द्वितीय स्रोतअन्तर्गत पुस्तकालीय विधिद्वारा गरिएको छ। सृजनात्मक र आलोचनात्मक पुस्तकहरू बाहेक प्राथमिक स्रोतका रूपमा सर्जक सानु लामाको अन्तर्वार्तालाई पनि यस शोधको सामग्रीका रूपमा प्रयोग गरिएको छ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य आञ्चलिकताको दृष्टिकोणले सानु लामाका कथाहरूको अध्ययनमा केन्द्रित रहेको छ। प्रस्तुत कार्य उनका प्रकाशित कथा सङ्ग्रह *कथा सम्पद, मृगतृष्णा* र *सूर्यको तेस्रो किरण*- का कथाहरूमध्ये पनि आञ्चलिक प्रवृत्ति अनि विशेषता भएका जम्मा १४ वटा कथाहरूको अध्ययन-विश्लेषणमा सीमित रहेको छ।

# दोस्रो अध्याय

## २. आञ्चलिकताको सैद्धान्तिक परिचय

### २.१ आञ्चलिकता शब्दको व्युत्पत्ति अनि अर्थ

संस्कृतको *अञ्च* धातुमा *अलच्* प्रत्यय लागेर अञ्चल नाम शब्दको व्युत्पादन हुन्छ। *नेपाली बृहत् शब्दकोश* -अनुसार अञ्चल भन्नाले पछ्यौरा वा साडी आदिको छेउ वा भाग, किनार, तट, घाटी, फेदी कुनै मुलुक वा प्रदेशको एक भाग, भूभाग, क्षेत्र, प्रान्त वा शासन सुविधाका लागि गरिएको देशको राजनैतिक विभाजन आदि भन्ने बुझिन्छ।[10] अञ्चल शब्दमा *इक्* प्रत्यय लागेपछि आञ्चलिक विशेषण शब्दको निर्माण हुन्छ। आञ्चलिक विशेषण शब्दमा -*ता* प्रत्यय जोडिएपछि आञ्चलिकता भाववाचक शब्दको निर्माण हुन्छ। आञ्चलिकता अङ्ग्रेजी शब्द 'रिजनालिजम्' को नेपाली रूपान्तर हो। मूलतः अञ्चल शब्दको अर्थ कुनै विशेष र त्यसको स्थानीय रङ्ग भन्ने बुझिन्छ।

आञ्चलिकता भन्नाले अञ्चलसित सम्बन्धित हुनुको भाव अर्थात् कुनै ग्राम, भूखण्ड वा अञ्चल विशेषसित आबद्ध हुने प्रवृत्ति भनेर बुझिन्छ।[11] जबदेखि कुनै क्षेत्र अर्थात् अञ्चल विशेषको सांस्कृतिक विविधता, भौगोलिक विशिष्टता लिएर साहित्य लेखनको सुरुवात भयो तबदेखि आञ्चलिकता शब्दले विशेष महत्त्व ग्रहण गरेको पाइन्छ।[12] अञ्चल शब्दको अर्थ कुनै ठाउँ विशेष र त्यसको स्थानीय रङ्ग भन्ने बुझिन्छ। साहित्यमा अञ्चल शब्दको लाक्षणिक प्रयोग भएको पाइन्छ। "अञ्चल शब्दले एउटा भूखण्ड विशेषको समग्र जनविहीन भूखण्ड नबुझाएर कुनै देशभित्रको त्यस भौगोलिक खण्डको एकाइतिर सङ्केत गरेको हुन्छ जसको आफ्नै विशिष्ट भाषा र संस्कृति हुन्छ, सामाजिक एवम् प्राकृतिक

---

[10]बालकृष्ण पाख्रेल सन् १९८३ (सम्पा), नेपाली बृहत् शब्दकोष, ने. रा. प्र. प्र., पृ-१६

[11]कुमारी अंजुलता सिंह सन् २००९ *हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन*, अंकुर प्रकाशन, दिल्ली, पृ-१८

[12]ऋषिराज बराल सन् २००७, *साहित्य र समाज*, साझा प्रकाशन, ललितपुर , पृ-२८९

परिवेश हुन्छ अनि सङ्घ-संस्था र लोकपरम्पराहरू हुन्छन्।"[13] इन्द्रबहादुर राईले शङ्कर कोइरालाको *खैरेनी घाट* उपान्यासको अध्ययन गर्ने क्रममा आञ्चलिकताबारे सङ्क्षिप्तमा चर्चा गर्दै उनले भनेका छन्- केही अंश आञ्चलिकता प्राय: सबै नै उपन्यास हुन्छ। यथार्थताकै निम्ति पनि यसले प्रश्रय पाएको हुन्छ... आञ्चलिकता नै अञ्चलको यथार्थ्यहरूलाई वैज्ञानिकको तटस्थताले होइन, सुधारको आलोचनाले होइन, मानवीय संज्ञानले चिन्नु पर्ने हुन्छ। पारम्परिक, सामाजिक र सर्वजनिनताभित्रको हुँदै पनि अञ्चल विशेषको आफ्नै जीवन प्रतिभा हुन्छ। आञ्चलिक उपन्यास त्यसैको लेखन हो। खोलैपछिको पानी भिन्दै मीठो, माछा भिन्दै रसिलो हुन्छ र वैशेषिकताले डाक्दछ।[14] राईको यस भनाइअनुसार अञ्चल-अञ्चलको आफ्ना आफ्नै विशेषता रहेको हुन्छ भनेर बुझ्न सकिन्छ। आञ्चलिक जीवन नै कुनै कृतिको मूल स्वर भए त्यस प्रकारको लेखन आञ्चलिक लेखन हुन्छ भन्ने धारणा राईको रहेको पाइन्छ।

अमेरिकी लेखक जुडित फेटर्ली अनि मार्जोरी प्रिसीद्वारा लिखित पुस्तक *राइटिङ् आउट् अव् द प्लेस् : रिजनलिजम, विमेन् एन्ड अमेरिकन लिटेरेरी कल्चर*,२००३- को दोस्रो अध्यायमा मेरी अस्टिनको एउटा भनाइ उनी भन्छिन् जो आञ्चलिकतासित धेरै सान्दर्भिक देखिन्छ-

> *कुनै पनि मान्छेको जीवनलाई बुझ्नू हो भने, ऊ बाँचेको अञ्चललाई बुझ्न अति महत्त्वपूर्ण हुन्छ*।[15]

मेरी अस्टिन्को भनाइसित सान्दर्भिक प्रसङ्ग बाइबलमा पनि पाइन्छ। बाइबलको दानियलको पुस्तकको पहिलो अध्यायमा लेखिएको छ-

---

[13]सिंह, 'हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि', पूर्ववत् पृ.५०

[14]राई, 'नेपाली उपन्यासका आधारहरू' पूर्ववत्  पृ.१६६

[15]जुडित फेटर्ले अनि मार्जोरी प्रिसी, *राइटिङ् आउट् अफ् द प्लेस् : रिजनलिजम्, विमेन् एन्ड एमेरिकन् लिटेरेरी कल्चर्*, अमेरिकाः यूनिभर्सीटि अफ् इलिनोयस् प्रेस्, पृ.३४

*यहूदाका राजा यहोयाकीमको शासनकालको तेस्रो वर्षमा बाबेलका राजा नबूकदनेसरले यरूशलेमलाई आक्रमन गरेर सम्पत्ति साथै यरूशलेमका केही राजकीय र भारादार घरानाकाहरूलाई कैदी बनाएर लगेपछि उनीहरूलाई त्यस नयाँ ठाउँको भाषा अनि साहित्य सिकाउनलाई खोट नभएका, सुन्दर र सारा बुद्धिमा निपुण, औ ज्ञानले परिपूर्ण भएका, समझदार र राजदर्वारमा सेवा गर्नसक्ने सुयोग्यहरूलाई कल्दीहरूको भाषा र साहित्य सिकाउन भनी नपुंसकहरूका प्रधान अशपनजलाई हुकूम गरे।*[16]

यरूशलेमबाट कैद गरेर लगिएका राजकीय र भारादार घरानाकाहरूलाई नयाँ अञ्चलमा शासन गर्नका लागि त्यस अञ्चलको भाषा र साहित्य सिकाइएको माथिको प्रसङ्गबाट कुनै अञ्चललाई बुझ्नु हो भने त्यस अञ्चलको भाषा र साहित्यको ज्ञान हुन आवश्यक हुँदछ भन्ने स्पष्ट हुँदछ। आञ्चलिक साहित्यले अञ्चल विशेषको संस्कृति, मनोभाव, इतिहास, चाडपर्व, जीवनशैली, धर्म, परम्परा इत्यादि महत्त्वपूर्ण विशेषताहरूलाई समेटिएको पाइन्छ। अतः आञ्चलिक लेखन अर्थात् आञ्चलिक साहित्य एउटा अञ्चल विशेषको समग्र जीवनको प्रतिनिधि हो भन्न सकिन्छ।

## २.२ आञ्चलिक लेखन र आलोचनाको परम्परा

पाश्चात्य साहित्यबाटै सुरु भएको आञ्चलिक लेखन नेपाली साहित्यमा एउटा नवीन साहित्य लेखन प्रवृत्तिको रूपमा विकसित भएको पाइन्छ। आञ्चलिक लेखनमा कुनै अञ्चललाई मुख्य विषय बनाएर त्यस अञ्चल विशेषको वर्णन-चित्रण गरिएको हुन्छ। त्यहाँको जीवनशैली, बोली, चाडपर्व, आस्था, विश्वास, परम्परा, मूल्य, मान्यता, दुःखावस्था, लोकजीवन, सङ्घर्ष आदिको चित्रण यस किसिमको साहित्यमा गरिएको

---

[16] *पवित्र बाइबल,* बेङ्गलोर : द बाइबल सोसाइटी अव् इण्डिया, पृ.१०८४

हुन्छ। कुनै पनि आञ्चलिक कृतिमा वर्णित अञ्चलका भौगोलिक तथा प्राकृतिक परिवेश, त्यहाँका वासिन्दाहरूको जातिगत विशेषता, मौलिकता, विभिन्नता, सामाजिकता, ऐतिहासिकता, आर्थिक स्थिति, राजनैतिक परिवेश, समस्या, मनोभाव लगायत अञ्चल विशेषका महत्त्वपूर्ण विशेषताहरू समावेश हुन्छन्।

अङ्ग्रेजी साहित्यमा आञ्चलिक प्रवृत्तिमा लेखिएको साहित्यलाई रिजनालिज्म भनिन्छ। ई. एम. फोस्टर्रले आञ्चलिकतालाई प्रान्तीयता (प्रोभेन्सियलिजम्) भनेका छन्।[17] साहित्य लेखनमा आञ्चलिक सिर्जना भन्नाले कुनै क्षेत्र विशेषमा केन्द्रित रहेर त्यस क्षेत्रका प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक, भौगोलिक इत्यादि विशेषताहरूलाई सामावेश गरेर लेखिएको रचना भन्ने बुझिन्छ।

'रिजनालिज्म' शब्दको प्रयोग सबैभन्दा पहिले सन् १७८९ तिर फ्रान्समा सरकारी संयन्त्रको विकेन्द्रीकरणका सन्दर्भमा भएको पाइन्छ। पछिबाट फ्रान्स, इटाली, बेलायत, जर्मनी, पोल्यान्ड आदि देशहरूमा क्षेत्रियता, प्रादेशिकता तथा केन्द्रीकृत राज्यव्यवस्थाका साटोमा स्थानीय स्वशासनको माग राखी गरिएको आन्दोलनको प्रभावमा अर्थशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र लगायत ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा अनि साहित्यका क्षेत्रमा पनि आञ्चलिकता एउटा मान्यताका रूपमा स्थापित हुन पुग्यो।[18]

अमेरिकी साहित्यबाट आञ्चलिक लेखनको परम्परा एवम् यसको सैद्धान्तिक मान्यता स्थापित भए तापनि बेलायतबाट आञ्चलिक साहित्य लेखन पहिले नै भइसकेको पाइन्छ। बेलायती लेखक ओलिभर गोल्डस्मिथको *द डिजर्टेड भिलेज* (सन् १७७०) लाई सबैभन्दा जेठो आञ्चलिक कृति र बेलायतकी उपन्यासकार मारिया इजवर्थ (सन्

---

[17]दाहाल, 'नेपाली आञ्चलिक उपन्यास' पूर्ववत् पृ.३

[18]https://samakaleensahitya.blogspot.com/2018/06/blog post_27.html.01.04pm.15/07/2019

१७६७-१८४९) को ‘कासल याकरेन्ट’ (सन् १८००) लाई विश्वसाहित्यकै पहिलो आञ्चलिक औपन्यासिक कृति मानिएको छ।[19]

आञ्चलिक प्रवृत्तिका लेखक अनि कृतिहरू अघिबाटै रहेको पृष्ठभूमि पाइए तापनि यसको ठोस अनि सर्वमान्य विकास परम्परा अमेरिकाबाटै सन् १९३० देखि सुरु भएको मानिन्छ। साहित्यकारहरूले अञ्चललाई नवीन, फराकिलो दृष्टिकोणबाट हेर्ने सफल प्रयास गरेपछि यसको विधिवत् थालनी भएको मानिन्छ। अमेरिकी लेखक जुडित फेटर्ली अनि मार्जोरी प्रिसीको संयुक्त लेखनमा सन् २००३ सालमा प्रकाशित पुस्तक *राइटिङ् आउट् अव् द प्लेस् : रिजनलिज्म, विमेन् एन्ड अमेरिकन् लिटेरेरी-* को दोस्रो अध्यायमा अमेरिकी आञ्चलिकताको पृष्ठभूमिको चर्चा गरिएको पाइन्छ। जुडित फेटर्ले अनि मार्जोरी प्रिसीअनुसार १९ औँ शताब्दीका अमेरिकी नारी लेखकहरूमाथि अध्ययन गर्दा आञ्चलिक प्रवृत्ति अर्थात् साहित्यमा आञ्चलिकता पाइएको चर्चा *लोकेटिङ् रिजनलिजम् इन् अमेरिकन लिटेरेरी हिस्ट्री* शीर्षकअन्तर्गत गरिएको छ।[20]

आञ्चलिक लेखनले मध्यमवर्गीय यथार्थवाद एवम् आदर्शवादी दृष्टिकोणद्वारा स्विकृत प्रतिमानहरूलाई खोक्रो साबित गऱ्यो अनि नयाँ जीवन विधिहरूको नियोजन सुरु गऱ्यो। अठाह्रौं शताब्दीको अन्ततिर बिट हार्टले आफ्ना रचनाहरू विशेष गरेर उपन्यासमा आञ्चलिक प्रवृत्ति प्रतिष्ठापित गरे। उनको कृति *लक अप रोअरिङ क्याम्प*-मा स्थानीय रङ्गलाई सूत्रात्मक रूपमा प्रयोग गरिएको छ। उनीपछिका लेखकहरूले आफ्ना कृतिहरूमा आञ्चलिक लेखनलाई विस्तार गर्दै लगे। उनकै समकालीन स्टोले अञ्चल

[19]https://samakaleensahitya.blogspot.com/2018/06/blog-post_27.html.01.030pm.15/07/2019

[20]जुडित फेटर्ले अनि मार्जोरी प्रिसी, सन् २००३, *राइटिङ् आउट् अफ् द प्लेस् : रिजनलिजम्, विमेन् एन्ड एमेरिकन् लिटेरेरी कल्चर्*, अमेरिकाः यूनिभर्सीटि अफ् इलिनोयस् प्रेस्, पृ.३४

विशेषको ग्रामीण संस्कृति, सामाजिक, आर्थिक जीवन, जनताको मनोविज्ञान, रीति-रिवाज आदि विशेषताहरूलाई समावेश गरी साहित्य सिर्जना गरे। जिवेटले *द कण्ट्री अव् द प्वाइन्टेड पर्स-* मा आञ्चलिकताको स्वस्थ परम्पराको थालनी गरे। उनका चरित्र, वातावरण, घटना सबै गतिशील एवम् यथार्थ छन्। यसै शताब्दीका अन्य साहित्यकारहरू जस्तै इगल्सटन, मार्क ट्वेन, अर्नेष्ट हेमिङ वे, केबल, चण्डलर हेरिस, सिडनी पोर्टर आदिले भने साहित्यमा स्थानीय रङ्ग (लोकल कलर)-सम्म मात्र सिर्जना गरे। बिलाक्याथर, फाक्नर, स्टेनबेक, लुई सिक्लेयरजस्ता सशक्त उपन्यासकारहरूले पहिलो विश्वयुद्धपछि आञ्चलिक लेखनको विकास गरे पाइन्छ। पाश्चात्य साहित्यको यही आञ्चलिक लेखनको प्रभावबाट नै पूर्वीय साहित्य लेखनमा पनि यसको आरम्भ भएको पाइन्छ। हिन्दी, बाङ्ला साथै नेपाली साहित्यमा पनि आञ्चलिक लेखन प्रवृत्तिको परम्परा रहेको पाइन्छ।[21]

आञ्चलिक लेखनको सन्दर्भमा हिन्दी साहित्य नेपाली साहित्यभन्दा अघि रहेको पाइन्छ। हिन्दीमा आञ्चलिक प्रवृत्तिमा लेखिएका प्रशस्तै उपन्यासहरू साथै आञ्चलिकताका सैद्धान्तिक पुस्तकहरू प्रकाशित भइसकेको पाउछौं। हिन्दी साहित्यमा आञ्चलिक लेखनको प्रभाव अनि परम्परा उपन्यास विधाबाट सुरु भएको देखिन्छ। प्रेमचन्द अघिका लेखक, साहित्यकारहरू जस्तै- बलदेव प्रसाद मिश्र, पं. श्रद्धाराम फुल्लौरी, देवकी नन्दन खत्री, किशोरीलाल गोस्वामी, शिवनारायण द्विवेदी, दुर्गा प्रसाद खत्री, लाला श्रीनिवास दास आदिले तिलस्मी-ऐय्यारी, जासुसी, मानवेत्तर र परलौकिक घटनाहरूको प्रयोग गरेर धेरै साहित्य (उपन्यास) रचना गरेको पाइन्छ। औंलामा गन्न सकिने ऐतिहासिक, सुधारवादी साथै उपदेशमूलक प्रवृत्तिका कृतिहरू पनि त्यस समय

लेखिए।

---

[21]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत् पृ.१-२

मानव जीवन-जगत्, मानव समाज अनि मानव चरित्रसित सम्बन्धित यथार्थहरूलाई अप्नाएर लेखिएका रचना (उपन्यास)-हरूसितै प्रेमचन्दले हिन्दी उपन्यास साहित्यलाई नयाँ मोड दिएको पाउछौं। प्रेमचन्दका *रङ्गभूमि* (सन् १९२४) देखि *गोदान* (सन् १९३६)-सम्मका साहित्य लेखनलाई हेर्दा उनको आदर्शप्रतिको मोह भत्किएर यथार्थवादी लेखन प्रबल बन्न पुगेको देखिन्छ अनि उनका उपन्यासहरूमा आञ्चलिकताका केही पक्षहरू पनि समाहित भएको पाइन्छ।

प्रेमचन्दका *प्रेमाश्रम* (सन् १९२२), *रङ्गभूमि* (सन् १९२४), *कर्मभूमि* (सन् १९३२), *गोदान* (सन् १९३६) आदि उपन्यासहरूमा आञ्चलिक विशेषताहरू रहेको चर्चा पाइन्छ।[22] तथापि हिन्दी उपन्यास साहित्यमा फणीश्वरनाथ रेणुले आफ्नो औपन्यासिक कृति *मैला आँचल* (सन् १९५४)-लाई प्रथम आञ्चलिक उपन्यास मानेका भए तापनि उनीभन्दा अघि नागर्जुनद्वारा लिखित *बलचनमा* (सन् १९५२) उपन्यासमा आञ्चलिक प्रवृत्ति सशक्त रूपमा देखापरेको पाइन्छ।[23]

हिन्दी साहित्यमा आञ्चलिक प्रवृत्तिमा लेखिएका रचनाहरू प्रशस्त मात्रामा पाइन्छ। पूर्णरूपले आञ्चलिक नभए तापनि आञ्चलिकताको पुट रहेको उपन्यासहरूमा प्रेमचन्दद्वारा लिखित *रङ्गभूमि* (सन् १९२४), *गोदान* (सन् १९३६), *कर्मभूमि* (सन् १९३२), वृन्दावनलाल वर्माद्वारा लिखित *गढकुण्डार* (सन् १९२०), *विराटा की पद्मिनी* (सन् १९३०), *झाँसी की रानी लक्ष्मीबाई* (सन् १९४६), *कचनार* (सन् १९४७), *मृगनयनी* (१९५०), बलवन्त सिंहद्वारा लिखित *रात चोर और चाँद* (सन् १९४९) आदि पाइन्छ। यसातिरिक्त नागर्जुनद्वारा लिखित *रतिनाथ की चाची* (सन् १९४८), *बाबा बटेसरनाथ* (सन् १९५४), *वरूण के बेटे* (सन् १९५७), *बलचनमा* (सन् १९५२),

---

[22]दाहाल, 'नेपाली आञ्चलिक उपन्यास', पूर्ववत्, पृ.५५

[23]शशीभूषण सिंहल, सन् १९७० *हिन्दी उपन्यास की प्रवृत्तियाँ,* मागरा: विनोद पुस्कर मन्दिर, पृ.२३

फणीश्वरनाथद्वारा लिखित *मैला आँचल* (सन् १९५४), *परती परिकथा* (सन् १९५५), *जुलूस* (सन् १९६५), *दीर्घतपा* (सन् १९६३) उदयशङ्कर भट्टद्वारा लिखित *सागर लहरें और मनुष्य* (सन् १९५५) *लोक परलोक* (सन् १९५८) इत्यादि आञ्चलिक प्रवृत्ति साथै स्थानीय रङ्गको प्रयोग गरेर लेखिएका कृतिहरू प्राप्त छन्।

राजकुमारी सिँहको *हिन्दी तथा अंग्रेजी के आञ्चलिक उपन्यासों का तुलनात्मक अध्ययन* (सन् १९८८),

इन्द्रप्रकाश पाण्डेयको *हिन्दी के आञ्चलिक उपन्यासों में जीवन-सत्य* (सन् १९७९),

जवाहार सिंहको *हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि* (सन् १९८६),

अंजुलता सिंहको *हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन* (सन् २००९),

नगिना जैनको *आञ्चलिकता और हिन्दी उपन्यास* (सन् १९७६),

रामपत यादवको *उपन्यासका आञ्चलिक वातायण* (सन् १९८०),

शुकुमार सेनको *बङ्गला साहित्य का इतिहास* (सन् १९७८),

प्रकाश बाजपेयीको *हिन्दी के आञ्चलिक उपन्यास* (सन् १९६४),

कला मेहताको *हिन्दी के आञ्चलिक उपन्यास* (सन् १९९२),

ह क कडवेको *हिन्दी उपन्यासों में आञ्चलिकता की प्रवृत्ति*

(सन् १९७८), आदि हिन्दीमा प्रकाशित आञ्चलिक साहित्यबारे देखिएका आलोचनात्मक कृति हुन्।

हिन्दी साहित्यमा जस्तै नेपाली साहित्यमा पनि आञ्चलिक लेखन प्रवृत्ति उपन्यास विधाबाट सुरु भएको पाइन्छ। नेपाली साहित्यमा विशेष गरेर उपन्यास र कथा विधामा आञ्चलिक प्रवृत्तिको प्रवेश भएको पाइए तापनि आञ्चलिकताबारे विस्तृत चर्चा गरिएको पाइँदैन। दिल श्रेष्ठले आफनो पुस्तक *आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू* सन् (२००१) मा 'नेपाली साहित्यमा एक किसिमले ओझेलमा परेको दृष्टिकोण हो'[24] भनेका छन्।

शंकर कोइरालाको *खैरिनी घाट*- लाई नेपाली साहित्यको पहिलो सशक्त आञ्चलिक उपन्यास मानिएको पाइन्छ। यस उपन्यासले रामेछाप र सिन्धुली माझ अवस्थित सुनकोशी नदीको प्रचलित खैरिनी घाट र त्यस क्षेत्रमा बसेका मानिसहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक जीवन तथा परम्परालाई चिनाउने सफल प्रयास गरेको छ। भौगोलिक दृष्टिले पछाडिएका खैरिनी घाटका माझीहरूको गाउँले जीवनका कठीनता अभाव, अशिक्षा, अन्धविश्वासग्रस्त जीवन प्रणाली, सामाजिक परिवेश, कमजोर आर्थिक धरातल, लोकसंस्कृति, राणा शासन र सत्ताबाट पीडित बनेको अनि प्रजातान्त्रिक व्यवस्थाको बहालीपछि विकास नभएको यो गाउँको ऐतिहासिकतालाई उपन्यासमा वर्णन गरिएको छ।[25] उपन्यास पूर्णरूपले आञ्चलिक रहेको छ।

नेपाली उपन्यास विधामा *ओझेल पर्दा* (सन् १९६५), *मेरो कथा, उज्यालो हुनुअघि* (सन् १९७१), *मने* (सन् १९७३), *हेलम्बु मेरो गाँउ* (सन् १९७५) *घामका पाइलाहरू, नयाँ क्षितिजको खोज, अविरल बग्दछ इन्द्रावती, अलिखित, यहाँदेखि त्यहाँसम्म, ब्रह्मपुत्रको छेउछाउ* इत्यादि उपन्यासहरू आञ्चलिक प्रवृत्तिमा लेखिएका

---

[24]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.१

[25]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.६३

उपन्यासहरू हुन्।[26] नेपाली साहित्यमा आञ्चलिकतासम्बन्धी सिद्धान्तका पुस्तकहरू अझसम्म लेखिएको पाइँदैन। ध्रुवचन्द्र गोतामेद्वारा लिखित उपन्यास *यहाँदेखि त्यहाँसम्म*-को भूमिकामा ईश्वर बरालले आञ्चलिकताको छुट्पुट चर्चा गरेको पाइन्छ। ईश्वर बरालद्वारा लिखित *भारतीय नेपाली साहित्य र साहित्यकार* नामक पुस्तकमा 'इन्द्र सुन्दासका कथामा आञ्चलिकता' शीर्षक दिएर अञ्चल विशेषको भाषिक अध्ययन गरिएको पाइन्छ।[27] यद्यपि वर्तमानमा नेपाली साहित्यमा हालमा आञ्चलिकता विषयलाई लिएर शोध अनि गोष्ठीहरू हुनथालेको पाइन्छ।

इन्द्रबहादुर राईको *नेपाली उपन्यासका आधारहरू* (सन् २००१, ते सं) कृष्णचन्द्रसिंह प्रधानको *नेपाली उपन्यास र उपन्यासकार* (सन् २००८, चौ सं) रामदयाल राकेशको *नेपाली साहित्यः विभिन्न आयाम* (सन् १९९८) नेत्र एटम र कृष्णहरि बरालको *उपन्यास र नेपाली उपन्यास* (सन् २००९, ते सं) आदि पुस्तकहरूमा आञ्चलिकताबारे अध्ययन प्रस्तुत गरेका छन्। ध्रुवचन्द्र गोतामेद्वारा लिखित उपन्यास *यहाँदेखि त्यहाँसम्म* (सन् १९८४)-*को* भूमिकामा ईश्वर बरालले आञ्चलिकताबारे राम्रो चर्चा प्रस्तुत गरेका।[28] नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको साहित्य कोशमा, शान्तिराज शर्माको *कथाको संसार र संसारका कथा* आदिमा पनि आञ्चलिकताको उल्लेख गरिएको पाइन्छ। नवराज कार्की अनि गोपाल पराजुलीद्वारा सम्पादित *गरिमा* वर्ष २३ अङ्क १२ मा पनि नारायण चालिसेले उत्तमकृष्णका *बैंसीतिर-को आञ्चलिक विश्लेषण* शीर्षक दिएर आञ्चलिक प्रवृत्तिको आधारमा कृतिको विश्लेषण गरेका छन्। नेपाली साहित्यमा विशेष गरेर

---

[26]2https://samakaleensahitya.blogspot.com/2018/06/blog-post_27.html.12.30pm.28/07/2019

[27]ईश्वर बराल सन् १९९८, *नेपाली साहित्य र साहित्यकार,* निर्माण प्रकाशन्, सिक्किम, पृ.५७-६३

[28]ध्रूवचन्द्र गोतामे, सन् १९८४, *यहाँदेखि त्यहाँसम्म,* काठमाडौं: साझा प्रकाशन, पृ.५

भारतबाट हालसम्म आञ्चलिकतासम्बन्धी सिङ्गो कृति दिल श्रेष्ठको *आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू* (सन् २००१) अनि राजकुमारी दाहालको *नेपाली आञ्चलिक उपन्यास* (सन् २०११) प्राप्त छन्।

## २.३ आञ्चलिकताका परिभाषाहरू

आञ्चलिकता विषय लिएर धेरै विद्वान्हरूले आफना आफ्ना परिभाषाहरू प्रस्तुत गरेका छन्। केही परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिन्छ।

कृष्णहरि बराल अनि नेत्र एटमअनुसार- आञ्चलिक लेखनले विकसित समाजबाट सोचाइको स्तरमा निकै टाढा रहेको एउटा सिङ्गो र विशिष्ट जीवनपद्धतिसँग परिचय गराउँछ साथै त्यस ठाउँका पात्रको मानसिकता, आकाङ्क्षा, पूर्वाग्रह, गुन-बैगुन आदिलाई नजिकबाट नियालेर प्रस्तुत गर्दछ।[29]

रामपत यादवअनुसार- कुनै एक खास अञ्चलको समग्र समाज र जीवन त्यहाँकै वातावरण, भाषा अनि विभिन्न क्रियाकलाप अनुरूप यथार्थ रूपले चित्रण गरिएको रचनालाई आञ्चलिक कृति मान्न सकिन्छ।[30]

नगिना जैनले आफ्नो पुस्तक *आञ्चलिकता और हिन्दी उपन्यास-* मा आञ्चलिकतालाई कुनै भूखण्ड वा अञ्चल विशेषको सम्पूर्ण जीवनको अध्ययन वा चित्रण वर्णन समग्र क्षेत्रीयताको द्योतक अनि त्यस अञ्चल विशेषको भौगोलिक, सामाजिक तथा सांस्कृतिक सत्यको उद्घाटन मानेका छन्।[31]

---

[29]कृष्णहरि बराल र नेत्र एटम, सन् २००९, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुरः साझा प्रकाशन, पृ-३५

[30]रामपत यादव, सन् १९८०, *उपन्यासका आञ्चलिक वातायण,* राजस्थानः चिन्ता प्रकाशन, पृ.३८

[31]नगिना जैन, सन् १९७६, *आञ्चलिकता और हिन्दी उपन्यास,* अक्षर प्रकाशन, पृ.६

अमेरिकी लेखक हेलेन ई ह्योन्डेस आञ्चलिकतालाई यसरी परिभाषित गर्छन्- आञ्चलिकताको प्रयोग कुनै पनि स्थानको काल, प्राकृतिक विशदता (व्यापक छटा), संस्कार-संस्कृति, मानवीय गुण-व्यवहार, क्षेत्रीय चरित्र, वेशभूषा, बोली, व्यक्तित्वको निरूपण तथा जीवनको सर्वमान्य सत्यको अभिव्यक्तिको निम्ति नगरेर भौगोलिक वा सीमाबद्ध विशेष क्षेत्रका सामान्य जीवनको सत्यको विभेद वा एकरूपता उद्‌घाटनका लागि गरिन्छ।[32]

समालोचक कृष्णचन्द्रसिंह प्रधानअनुसार आञ्चलिकता विशेषण मात्रै हो। कृतिमा कुनै नगर वा गाउँ अञ्चलको चर्चा गरिएको भए तापनि त्यसको मूल आश्रय जीवनको अभिव्यक्ति नै हुन्छ। आञ्चलिक भए पनि कृतिको सैद्धान्तिक स्थिति अर्कै हुनसक्छ। आञ्चलिकता सिद्धान्त होइन। कुनै कृतिमा भिन्नभिन्न दृष्टिकोण रहे तापनि त्यसमा आञ्चलिकता विद्यमान हुनसक्छ। कृतिमा रहेका यी दृष्टिले खुलिने सत्य नै उपन्यासको वैचारिक पक्ष भएकाले आञ्चलिक हुनु नहुनुभन्दा महत्त्वपूर्ण त्यसको आधारभूत दृष्टिकोण हो।

नगीना जैनअनुसार- आञ्चलिक कृतिहरूमा देखाइन्ने अञ्चलले विविधता एवम् समग्रता देखाउँदछ; अञ्चलको जीवनको सम्पूर्ण परम्परा ऐतिहासिक प्रगति, शक्ति-कमजोरी, छवि-धूमिलतालाई जति सत्यतासँग लेखकले पक्रन सक्छ उति नै अञ्चल जीवनको चित्रणमा उसले सफलता प्राप्त गर्छ। अञ्चल एउटा जीवन हो, जसमा सांस्कृतिक परम्परा, आर्थिक स्थिति, भौगोलिकता, ऐतिहासिकता आदि अभिन्न पाटाका रूपमा अन्तर्निहित रहन्छन्। यिनै विभिन्न पाटाहरूद्वारा निर्मित व्यक्तित्व नै आञ्चलिकता हो।[33]

---

[32]श्रेष्ठ,'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू' पूर्ववत्, पृ.४

[33]नगिना जैन, सन् १९७६, 'आञ्चलिकता और हिन्दी उपन्यास', पूर्ववत्, पृ.१-७

राजकुमारी दाहालअनुसार- कुनै अञ्चल विशेषका निवासीहरूको जीवनलाई सविस्तार चित्रण-वर्णन गर्ने लेखकीय प्रवृत्ति नै आञ्चलिकता हो।[34]

लक्ष्मणप्रसादअनुसार- निश्चित अञ्चल वा प्रदेशको र निश्चित क्षेत्र वा स्थानविशेषको जनजीवन, संस्कार, संस्कृति, जीवनशैली, भाषा, भेषभूषा, रीतिस्थिति आदिको प्रतिबिम्बन भएको साहित्य नै आञ्चलिक साहित्य हो।[35]

धनप्रसाद सुवेदीअनुसार- कुनै क्षेत्र विशेषमा केन्द्रित रहेर त्यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक आदि मौलिकता एवम् विशेषताहरूको उजागर गर्ने प्रवृत्ति वा मान्यतालाई आञ्चलिकता भनिन्छ।[36]

माथिका विभिन्न परिभाषाहरूलाई हेर्दा एउटा अञ्चल विशेषको समग्र जीवन, त्यहाँका मानिसहरूको विश्वास, रीति-रिवाज, चाड-पर्व, संस्कृति, बोली, इतिहास, मनोभाव आदिको साहित्यिक अभिव्यक्ति नै आञ्चलिकता हो भनेर बुझ्न सकिन्छ।

## २.४ आञ्चलिकताको विशेषता

### २.४.१ स्थानीय रङ्ग

'स्थानीय रङ्ग' अङ्ग्रेजी 'लोकल कलर' को नेपाली पर्याय हो। अञ्चलको अङ्ग्रेजी पर्यायवाची 'रिजन' अनि स्थनीय रङ्गको पर्याय 'लोकल कलर' हो। अञ्चल शब्दको कुनै एक विशिष्ट भूखण्ड एवं त्यहाँको समग्र जीवन बुझाउँछ। स्थानीय रङ्गले भिन्न प्रकारको जीवन लक्षणको द्योतन गर्दछ। आञ्चलिक साहित्य लेखनमा स्थानीय रङ्गलाई अति नै महत्त्वपूर्ण तत्त्व मानिन्छ। 'आञ्चलिकता' जनजीवनप्रतिको एक निश्चित दृष्टिकोण हो भने

---

[34]दाहाल, 'नेपाली आञ्चलिक उपन्यास', पूर्ववत्, पृ.२

[35]https://samakalinsahitya.com/index:php?show=detail&art_id=6019.01.00pm.03/08/2019

[36]https://samakaleensahitya.blogspot.com/2018/06/blog-post_27.html.02.30pm.03/08/2019

'स्थानीय रङ्ग' आञ्चलिकताको बाह्य विशेषता हो।[37] कृष्णहरि बराल अनि नेत्र एटमको काताब *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*- मा भिन्न स्थानको विशिष्टता प्रदर्शन गर्ने भाषिक स्वभाव, रीति-थीति, वेशभूषा, जीवनस्तर, सोचाइका दिशा आदिलाई स्थानीय रङ्ग भनेर चिनाइएको छ।[38] अमेरिकी साहित्यमा आञ्चलिकता र स्थानीय रङ्ग आन्दोलन (लोकल कलर मुभमेन्ट) लगभग एकैचोटि सुरु भएको पाइन्छ। तर आञ्चलिकताको नेपथ्यमा एउटा वैचारिक र सैद्धान्तिक आधार अनि निश्चित उद्देश्य रहेको छ भने स्थानीय रङ्ग आन्दोलनमा यी कुराहरू रहेको पाइन्न यो केवल एउटा प्रचारको माध्यम मात्र बन्यो।[39]

आफ्नो सिर्जनामा यथार्थता र स्वाभाविकताको निर्वाह गर्न सर्जकले आफ्नो कृतिमा प्रसङ्गअनुसार कुनै स्थान वा क्षेत्र विशेषको भाषा, रीति-रिवाज, चाड-पर्व, खान-पान, वेशभूषा आदिको प्रयोग वा चित्रण-वर्णन गर्ने गर्छन्। यस किसिमको प्रयोग वा चित्रणलाई 'स्थानीय रङ्ग' (लोकल कलर) भनिन्छ।[40] आञ्चलिकतामा अञ्चललाई एउटा विशिष्ट व्यक्तित्वको रूपमा प्रेषित गरिन्छ भने स्थानीय रङ्ग कुनै पनि घटना वा पात्रको जीवनलाई जीवन्त तुल्याउन प्रयोग गरिन्छ।[41] स्थानीय रङ्गमा कुनै क्षेत्र वा अञ्चलको रीति-रिवाज, बोली, भेषभूषा, अञ्चल विशेषको दृश्य, परिवेश एवम् अन्य विशेषताहरूलाई जोड दिएर वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ र यसमा प्रादेशिकतालाई पनि समावेश गरिएको हुन्छ। यसै सन्दर्भमा विश्वमित्र लेख्छन्- आञ्चलिक उपन्यासका लेखक कुनै अञ्चलको सामाजिक, आर्थिक, सांस्कृतिक व्यवस्था, परम्परा र जनजीवनलाई गहिरो

---

[37]सिंह, 'हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन', पूर्ववत्, पृ.३५-३६

[38]बराल र नेत्र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ.३४

[39]सिंह, 'हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि', पूर्ववत्, पृ.६६

[40]दाहाल, 'नेपाली आञ्चलिक उपन्यास', पूर्ववत्, पृ.६-७

[41]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.१३

प्रभाव पार्ने विषयलाई प्रभावकारी ढङ्ग प्रस्तुत गर्दछ जसको कारणले कथाञ्चलको विशिष्ट जीवनपद्धति सुन्दर ढङ्गमा प्रस्तुत हुनजान्छ। तर स्थानीय रङ्गमा कुनै गाँउ, शहर वा स्थानको रीति-रिवाज, रहन-सहन, बोली, खानपान आदिको चित्रण अलि भिन्न आलाङ्कारिक रूपमा गरिएको हुन्छ।[42] आञ्चलिक साहित्यमा स्थानीय रङ्गको महत्त्वपूर्ण प्रयोजन अनि उद्देश्य रहेको हुन्छ। लेखनमा वातावरणलाई सजीव र यथार्थ बनाउन तथा पात्रहरूलाई स्वाभाविक र गतिशील बनाउन कथाको विकासक्रममा परिस्थितिअनुकूल यथास्थानमा स्थानीय रङ्गको प्रयोग गरिएको देखिन्छ।[43]

## २.५ आञ्चलिकताको निर्माण तत्त्व

आञ्चलिक प्रवृत्तिका रचनाहरूमा अञ्चल अर्थात् क्षेत्र विशेषको रीति-रिवाज, जलवायु, चाडपर्व, प्रकृति, लोकगीत, बातचीत अथवा लोकोक्ति, उखान-तुक्का, भाषाको उच्चारणमा पृथकता, अञ्चल विशेषका मानिसहरूको स्वभावगत साथै व्यवहारगत विशेषता, नैतिक मान्यता इत्यादि विशेषताहरू पाइन्छन्। आञ्चलिकताका दुई प्रकारका छन्-

(क) वस्तु तत्त्व (वस्तुगत आञ्चलिकता)

(ख) शिल्प तत्त्व (शिल्पगत आञ्चलिकता)

आञ्चलिक रचनाको कथावस्तु, चरित्र, वातावरण, भाषा शैली अनि उद्देश्य आदि जस्ता आञ्चलिकताको पक्ष अनि रूप जस्ता विषय वस्तुगत आञ्चलिकताभित्र पर्दछ भने यी सबै तत्त्वहरूलाई आञ्चलिकताले कसरी प्रभावित गर्दछ वा रचना विशेषको सम्पूर्ण

---

[42]ह क कडवेको, सन् १९७८, *हिन्दी उपन्यासों में आञ्चलिकता की प्रवृत्ति,* कानपुरः अन्नपूर्ण प्रकाशन, पृ.४२१

[43]दाहाल, नेपाली आञ्चलिक उपन्यास', पूर्ववत्, पृ.८

संरचनालाई कुन विधिमा आञ्चलिकताको साँचामा ढालिन्छ भन्ने विषय चाहिँ शिल्पगत आञ्चलिकता हो।[44]

राजकुमारी दाहालले आफ्नो पुस्तक *नेपाली आञ्चलिक उपन्यास*- मा उपन्यासको सन्दर्भमा आञ्चलिक उपन्यासको निर्माणक तत्त्वको चर्चा गर्दै निम्न लिखित तत्त्वहरू प्रस्तुत गरेका पाइन्छ[45]-

(क) कथावस्तु वा कथानक

(ख) पात्र वा चरित्र चित्रण

(ग) कथोपकथन वा संवाद

(घ) देश-काल र वातावरण

(ङ) भाषा-शैली

(च) उद्देश्य वा जीवन-दर्शन।

दिल श्रेष्ठले आफ्नो पुस्तक *आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू*- को दोस्रो अध्याय 'आञ्चलिकताका मुलभूत तत्त्वहरू' शीर्षकअन्तर्गत आञ्चलिकताको तत्त्वलाई फरक ढङ्गमा राखेको पाइन्छ जो निम्न प्रकार छन्[46]-

(क) प्राकृतिक परिवेश

(ख) परिवेशगत समस्याहरू

(ग) परिवेशगत पछ्यौटेपन

---

[44]सिंह, 'हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि', पूर्ववत्, पृ-५९
[45]दाहाल, 'नेपाली आञ्चलिक उपन्यास' पूर्ववत्, पृ.१८-२६
[46]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.९-१२

(घ) लोक संस्कृति।

कुमारी अंजुलता सिंहद्वारा लिखित *हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन* पुस्तकमा आञ्चलिकताका तत्त्वबारे विभिन्न विद्वान्हरूको मत प्रस्तुत गरिएको छ। ती मध्ये आदर्श सक्सेनाले दिएको आञ्चलिकताको तत्त्व विशेष रूपमा उल्लेखनीय छ, जो निम्न प्रकार छ[47]

(क) अञ्चलको विशिष्ट भौगोलिक स्थिति

(ख) समस्याहरूको अस्तित्व

(ग) पछौटेपन (अविकसित)

(घ) विशिष्ट जनजीवन, मान्यता, अन्धविश्वास, रीति-रिवाज, संस्कारः समग्र लोकसंस्कृतिको छाप।

माथि उल्लेख भएका आञ्चलिकताका तत्त्वहरूमध्ये दिल श्रेष्ठद्वारा प्रस्तुत गरिएको आञ्चलिकताका तत्त्वहरूलाई यस शोधको पछिल्लो अध्यायको विश्लेषणको आधार बनाइएको छ।

**(क) प्राकृतिक परिवेश**

साहित्य सिर्जनामा प्राकृतिक परिवेशको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। कुनै पनि गद्य साहित्यको घटना एउटा प्रकृति अर्थात् कथाञ्चलको क्षितिजभित्रको परिवेशमा गतिशील भएर अघि बढेको हुन्छ। आञ्चलिक साहित्य लेखनमा प्राकृतिक परिवेशले कृतिलाई अझ बढी सजीव पारेको हुन्छ। आफ्ना प्राकृतिक उपादानहरूद्वारा अञ्चल आफैमा एउटा

---

[47]सिंह, 'हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन', पूर्ववत्, पृ.२०-२४

विशिष्ट परिवेश भएर रहेको हुन्छ। आजको व्यवसायिक, औद्योगिक सभ्यता अनि वैज्ञानिक उपकरणहरूको गहिरो प्रभाव वर्तमान अञ्चलहरूमा विद्यमान रहेको पाइए तापनि सामान्यतः नगरदेखि टाढा कुनै सुदुर दुर्गम क्षेत्र, नदी, जंघार, पहाडहरूद्वारा चारैतर्फ घेरिएको प्रकृतिको काखमा बसेको ग्रामीण क्षेत्रहरू, आज पनि नागर सभ्यता, नागर यान्त्रिकतादेखि जोगिएर रहेको पाइन्छ। आञ्चलिक लेखनमा यिनै कुराहरूलाई सबल रूपमा प्रस्तुत गरिएको हुनुपर्दछ।[48]

**(ख) परिवेशगत समस्याहरू**

हामी बाँचेको, हुर्किएको समाजको सामाजिक परिवेश अर्थात् वातावरणको प्रभाव हाम्रो चरित्र एवम् स्वभावमा देखा पर्दछ। कुनै पनि व्यक्तिको व्यक्तित्वको निर्माणमा परिवेश आधारभूत तत्त्व रहेको हुन्छ। अञ्चल विशेषको परिवेशको प्रभाव त्यहाँको जनजीवनमा कुनै न कुनै रूपमा परेको हुन्छ। कुनै पनि अञ्चलका परिवेशगत स्थितिले त्यहाँको जनजीवनमा आन्तरिक अनि बाह्य दुवै स्तरमा प्रभाव पार्दछ। परिवेश अनि भौगोलिक परिस्थिगत कठीनताका कारण यातायातको सुविधाबाट गाउँ बञ्चित रहन्छ। यसको सोझो प्रभाव त्यहाँका बासिन्दाहरूको आर्थिक जीवनमा पर्न जान्छ। यातायात तथा अन्य कतिपय अभावले आधुनिक जीवनका कतिपय सुविधाहरूदेखि उनीहरूलाई टाढा राख्छ अनि शिक्षा तथा आञ्चलिक प्रविधिदेखि पनि वञ्चित तुल्याउँछ। यस्ता अभावले धेरै असमानताको सिर्जना गर्छ अनि केही समस्याहरू उत्पन्न हुँदछ।[49] यी कुराहरू प्रत्यक्ष अनि परोक्ष रूपमा आञ्चलिकताका आधारित लेखनका प्रभाव स्रोत बन्छन्। आञ्चलिक

---

[48]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही...',पूर्ववत्, पृ.१०
[49]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही...',पूर्ववत्, पृ.१५

लेखन स्थानीयताको विशिष्ट अभिव्यक्ति हो।[50] यसैले अञ्चल विशेषको परिवेशको अभिव्यक्ति आञ्चलिक लेखनका तत्त्वहरूमध्ये एउटा हो।

**(ग) परिवेशगत पछौटेपन**

धेरैजसो विद्वान्हरूको मतानुसार आञ्चलिक साहित्य लेखन ग्रामीण अञ्चललाई केन्द्रमा राखेर लेखिएको पाइन्छ। आधुनिक सभ्यता साथै शहरी प्रभावदेखि टाडा रहेको अञ्चल विशेषलाई मूल आधार बनाएर साहित्य रचना गरिएको हुन्छ। ग्रामीण अञ्चलको जीवनशैली, जीवन यापनका माध्यम, मनोभाव, संस्कृति, रहनसहन, विश्वास साथै अन्धविश्वास, प्रकृतिसितको सम्बन्ध आदि विशेषताहरू यसमा समावेश रहेका हुन्छन्। दिल श्रेष्ठ लेख्छन्- कुनै पनि अञ्चललाई विशिष्ट आञ्चलिकता प्रदान गर्ने तत्त्वहरूमा त्यहाँको पछौटेपन महत्त्वपूर्ण तत्त्व हो। आञ्चलिक पछौटेपनलाई त्यस अञ्चल विशेषको भौगोलिक, प्राकृतिक परिवेशद्वारा उत्पन्न सामूहिक प्रभाव अनि स्वाभाविक परिणाम मानिन्छ।[51]

**(घ) लोकसंस्कृति**

लोक भन्नाले ती जनसमुदाय बुझिन्छ नागरिक सभ्यता-संस्कृतिबाट टाडा रहेको हुन्छ। लोकको अवधारणा भिन्न भिन्न पाइन्छ। साधारणः “अशिक्षित गाँउको समाज”[52] अनि “अशभ्य जङ्गली अवस्थामा रहेका” मानिसहरूलाई लोक भनेर चिनाइएको छ। संस्कृति भन्नाले जन्मदेखि मृत्युसम्म ग्रहण गरिने शिल्प, कला-कौशल, रीति-रिवाज, व्यवहार, ज्ञान-बुद्धि, पारम्परिक विश्वास, उत्सव-पर्व, मानवीय मूल्य-मान्यता बोधको समग्र रूपर

---

[50]नवराज कार्की अनि गोपाल पराजुली (सम्पा), सन् २००५, *गरीमा,* वर्षः २३, अङ्कः १२, काठमाडौं: साझा प्रकाशन, पृ.७६

[51]श्रेष्ठ, ‘आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू’, पूर्ववत्, पृ.११

[52]खेमराज नेपाल, सन् २००३, *नेपाली लोक साहित्यको रूपरेखा,* दिल्लीः जीवन आँफसेट प्रेस, पृ.३५

हो। आञ्चलिकताको सन्दर्भमा लोकसंस्कृति भन्नाले लोक अथवा कथाञ्चल विशेषभित्रका पात्रहरू, उनीले बाँचेको परिवेश, परम्परा, धर्म, रीति-रिवाज, आचरण-व्यवहार, कला-कौशल, उत्सव-पर्व, प्रकृतिसितको सम्बन्ध इत्यादि विशेषताहरू भन्ने बुझिन्छ।

## २.६ ग्रामीण अञ्चल अनि नगराञ्चल (सहरी अञ्चल)

भौगोलिक विशेषता जस्तै जनसङ्ख्या, भौतिक विकास, लोकविश्वास, रीति-रिवाज, संस्कृति, प्राकृतिक परिवेश, जीवनशैली, भाषा-साहित्य आदिको आधारमा अञ्चललाई दुईवटा उपशाखामा विभाजन गर्न सकिन्छ-

(क) ग्रामीण अञ्चल

(ख) नागराञ्चल

सामान्य रूपमा खेतीपाती गरेर जीविका आर्जन गर्ने अञ्चललाई ग्रामीण अञ्चल अनि उद्योग गरेर जीविका आर्जन गर्ने अञ्चल विशेषलाई नागर अर्थात् शहरी अञ्चल भनेर जानिन्छ।[53] जसरी ग्रामीण अञ्चलको आफ्नै भौगोलिक परिवेश, रीति-रिवाज, संस्कृति, आचरण, बोली, विश्वासका आधारहरू, मान्यताआदा रहेका हुन्छन् त्यसरी नै नागराञ्चल अर्थात् शहरी अञ्चलको पनि आ-आफ्नै आञ्चलिक विशेषताहरू रहेका हुन्छन्।[54] आञ्चलिक लेखन नागर जीवनको चर्चा हुने-नहुने कुराबारे विद्वानहरू बीच मतभेद रहेको पाइन्छ।[55] इन्द्रप्रकाश पाण्डेयअनुसार ग्रामीण अनि आधुनिकतादेखि टाडा रहेको जनसमूहलाई समावेश गरिएको सिर्जना आञ्चलिक हुने गर्दछ।[56] उनको यस

---

[53]पी. एल, 'हिन्दी उपन्यास में आंचलिकता के विविध आयाम', पूर्ववत्, पृ.१८९

[54]सिंह, 'हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि', पूर्ववत्, पृ.६0

[55]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.३४-३५

[56]इन्द्रप्रकाश पाण्डेय, सन् १९७९, *हिन्दी के आँचलिक उपन्यासों में जीवन-सत्य,* नयी दिल्लीः नेशनल पब्लिसिङ हाउस्, पृ.१५

भनाइबाट आञ्चलिक कृति हुनुमा ग्रामीण जीवन अनिवार्य रहने कुरा बुझ्न सकिन्छ। पाण्डेयको यस भनाइसित सहमत हुँदै ऋषिराज बराल लेख्छन्- सहरी जीवनभन्दा परको खास गरेर ग्रामीण जीवन, त्यहाँको संस्कृति, रहनसहन तथा समग्र जीवनवृत्तको अभिव्यक्तिसित आञ्चलिकता गाँसिएको हुन्छ। निश्चित अञ्चल, निश्चित स्थानविशेष, परिवेश र वातावरणसित आञ्चलिकता गाँसिएको हुन्छ। भाषागत पृथकता, भूगोल र परिवेशगत निजत्वता, सांस्कृतिक एकरूपता तथा जीवनचर्याको विशिष्ट चरित्रसित पनि आञ्चलिकता गाँसिएको हुन्छ भन्ने विचार बरालको रहेको पाइन्छ।[57]

धेरैजसो विद्वान्हरूको आञ्चलिक लेखनमा ग्रामीण जीवनको चित्र रहन्छ भन्ने मत व्यक्त गरेको पाइन्छ यद्यपि अचेल नागर अञ्चलका विविध पक्षहरूलाई आञ्चलिक लेखनको धारणा अनुरूप अभिव्यक्ति गर्ने चलन पनि सुरु भएको पाइएको छ।

## २.७ आञ्चलिकताको प्रयोजन एवम् उद्देश्य

पाश्चात्य साहित्यबाट सुरु भएको आञ्चलिक लेखन नेपाली साहित्यमा नवीन साहित्य लेखन प्रवृत्ति भए तापनि आज आएर यसको महत्त्व साथै उपयोगिता बढ्दै गइरहेको पाइन्छ। आञ्चलिक प्रवृत्तिलाई समातेर साहित्य लेख्ने चलन अघिबाटै चलेको पाइए तापनि त्यो सचेत रूपमा चलेको थिएन। यद्यपि आज आएर सचेत रूपमा नेपाली साहित्यमा पनि यस विषयमा साहित्य लेखन कार्य भइरहेको पाइन्छ। अरू साहित्यिक लेखनको आफ्ना आफ्नै प्रयोजन एवम् उद्देश्यहरू भए झैं आञ्चलिक लेखनको पनि आफ्नै प्रयोजन एवम् उद्देश्यहरू रहेका छन् जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिन्छ।

(क) साहित्यमा अञ्चललाई भिन्न दृष्टिकोणबाट हेर्नु।

(ख) स्थानीय रङ्गको प्रयोग गरेर कृतिलाई अझ सजीव, स्वाभाविक अनि यथार्थ

---

[57]बराल, 'साहित्य र समाज', पूर्ववत्, पृ.२८८

रूपमा प्रस्तुत गर्नु।

(ग) ग्रामीण अञ्चलको जीवनप्रति ध्यानाकर्षण गराउनु।

(घ) प्रकृति र मान्छे बिचको भावनात्मक सम्बन्धको निर्माण गर्नु।

(ङ) अञ्चल विशेषको संस्कृति, धर्म, परम्परा, इतिहास, रीति-रिवाज, रहनसहन, विश्वास, उत्सव, लोकचिकित्सा, उखान-तुक्का, विशिष्ट बोली इत्यादि विशेषताहरूलाई उजागर गर्नु।

(च) आञ्चलिक विशेषताहरूको संरक्षण गर्नु।

माथिका बुँदामा प्रस्तुत गरिएका आञ्चलिक लेखनका प्रयोजन र उद्देश्यहरूलाई नियाल्दा आञ्चलिकता साहित्य लेखनका लागि एउटा उपयोगी अनि महत्त्वपूर्ण पक्ष रहेको मान्न सकिन्छ।

# तेस्रो अध्याय

## ३. भारतीय नेपाली कथामा आञ्चलिकताको प्रयोग

### ३.१ विषय प्रवेश

प्रस्तुत अध्यायमा भारतमा आधुनिक नेपाली कथाको परम्परालाई सङ्क्षिप्तमा चर्चा गर्दै, त्यसमा देखिएका आञ्चलिक प्रवृत्तिको छोटो सर्वेक्षण गर्ने प्रयास भएको छ। आञ्चलिक प्रवृत्ति भएका केही प्रतिनिधि कथाहरूको सर्वेक्षणात्मक अध्ययन गर्ने प्रयास गरिएको छ।

नेपाली कथा साहित्यको इतिहासमा आधुनिकताको थालनी गर्ने कथा अनि कथाकारका सन्दर्भमा मतभेद रहेको पाइन्छ। यस सन्दर्भमा अविनाश श्रेष्ठ लेख्छन्- अधिकांश विद्वान्हरूले नेपाली कथामा आधुनिकताको थालनी *शारदा* पत्रिकाको वर्षः १, अङ्कः ५, सन् १९३५-मा प्रकाशित कथाकार गुरूप्रसाद मैनालीको *नासो* कथाबाट भएको विचार प्रकट गरेका छन्।[58] उक्त भनाइसित असहमत बन्दै कथामा आधुनिकताको थालनी गर्ने कथाकार रूपनारायण सिंह र उनको कथा *अन्नपूर्णा* हो भन्ने विद्वान् समूह पनि रहेको पाइन्छ। कृष्णविलास पौड्याल लेख्छन्- रूपनारायण नेपाली कथालाई आधुनिकताको जामा पहिराउने प्रथम हस्ती मानिन्छन्। उनकै लेखनीबाट नेपाली कथाले आधुनिकताको बान्की लिएर देखापरेको हो।[59]

भारतीय नेपाली कथाको आधुनिक परम्पराको सन्दर्भमा कुरा गर्दा नेपाली कथामा कतिपय विद्वान्हरूले गुरूप्रसाद मैनालीको *नासो* कथालाई नै पहिलो आधुनिक नेपाली कथा मानेका छन्। यद्यपि गुरूप्रसाद मैनालीको *नासो* (सन् १९३५) भन्दा अघि नै

[58]श्रेष्ठ, 'आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू', पूर्ववत्, पृ.३४

[59]कृष्णविलास पौड्याल, सन् २००८, *आधुनिक नेपाली आख्यान र नाटक*, काठमाडौं : नवीन प्रकाशन, पृ.३१

*गोर्खासंसार* मा रूपनारायण सिंहको *अन्नपूर्णा* कथा सन् १९२७-मा नै प्रकाशित भइसकेको पाइन्छ।[60] उनको यस कथालाई हेर्दा, कथाको बान्की, त्यसको संरचना, त्यसको विषय, त्यसभित्र प्रयोग भएका समाज इत्यादि कुरालाई कथाको आधुनिक तत्वगत दृष्टिले हेर्दा रूपनारायण सिंहको *अन्नपूर्णा* कथालाई पहिलो आधुनिक नेपाली कथा मान्न सकिन्छ भन्ने विद्वान्हरूको मान्यता रहेको छ।[61] रूपनारायण सिंहले पहिलो आधुनिक नेपाली कथा लेखेर नेपाली साहित्य जगत्मा आफ्नो एउटा छुट्टै पहिचान बनाएका छन्। उनले अन्नपूर्णाबाहेक अरू नौवटा आधुनिक नेपाली कथाहरू लेखे जुन कथाहरू उनको सङ्ग्रह कथा *नवरत्न* मा सङ्ग्रहित छन्।[62] सन् १९२७ सालमा गोर्खासंसारमा प्रकाशित *अन्नपूर्णा* कथाभित्र दार्जिलिङ अञ्चलभित्रका सामाज अर्थात् त्यहाँका सामाजिक जीवनलाई समेटिएको छ। सन् १९२७ मा *अन्नपूर्णा* कथाको प्रकाशनपछि कथामा तीव्र गतिले नवीन प्रयोग परम्परा पाइन्छ। सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, प्रयोगवादी धारा वा नवचेतनावादी धारा इत्यादि लेखन प्रवृत्तिले नेपाली कथालाई अझ माइने साथै समय-सान्दर्भिक बनाउने कार्य गरेको छ। सन् १९३८ सालमा सूर्यविक्रम ज्ञवालीको सम्पादनमा *कथा-कुसुम* प्रकाशनमा आएको पाउँछौं। नेपाली साहित्यमा नै पहिलो सिङ्गो कथासङ्ग्रहको रूपमा प्रकाशित भए पश्चात भर्खरै आधुनिकता तर्फ लम्कन्दै गरेको नेपाली कथा साहित्य निक्कै मौलाएर गएको पाइन्छ।[63]

सन् १९४० देखि सन् १९७०-७१-को अवधिलाई आधुनिक भारतीय नेपाली कथा लेखनको महत्त्वपूर्ण समय मानिन्छ। यसै समयावधिभित्र रूपनारायण सिंह, इन्द्र

[60]विद्यापति दाहाल, सन् २०१४, *भारतीय नेपाली साहित्यको इतिहास,* मैसुर: सि.आइ.आइ.एल, पृ.६९
[61]घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा* (दो सं), सिलगढी: एकता बुक हाउस प्रा.लि.,पृ.१४
[62]जगत क्षेत्री, सन् १९९२, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* दार्जिलिङ: श्याम प्रकाशन, पृ.६
[63]श्रेष्ठ 'आधुनिक भारतीय नेपाली..*',* पूर्ववत्, पृ.३६

सुन्दास, लाह छिरिङ, अरूणचन्द्र प्रधान, बलबहादुर छेत्री, टीडी लेप्चा, तेजबहादुर सिंह, चन्द्रबहादुर मुखिया, लैनसिंह बाङ्देल, जेबी तामाङ, देवकुमारी सिन्हा, एबी गहतराज, गनुसिंह गुरूङ, शुक्रदेवी सुब्बा, शिवकुमार राई, इन्द्रबहादुर राई आदिजस्ता कथाकारहरूले आफ्ना कथाहरू प्रकाशनमा ल्याएर भारतीय नेपाली कथा साहित्यलाई अझ अघि बढाउने कार्य गरेको पाइन्छ। अनुवाद कार्य, पत्र-पत्रिकाको प्रकाशन आदि जस्ता महत्त्वपूर्ण कार्य यसै दशकभित्र धैरे मात्रामा भएको पाइन्छ।[64] आधुनिक भारतीय नेपाली कथालेखनको बलियो धरातल बसाल्ने काम यस अवधिमा जोडतोडले भएको देखिन्छ। सन् १९७० को दशकदेखि हालसम्म कथा सिर्जना गर्ने कार्य अझ बढेर गएको साथै अझ नवीन प्रवृत्तिहरूलाई अँगालेर कथा लेखिएको पाइन्छ। आधुनिक साहित्यमा कथा लेख्ने नवीन प्रवृत्तिहरूमध्ये आञ्चलिकता एक हो।

### ३.२ भारतीय नेपाली कथामा आञ्चलिकताको प्रयोग

भारतीय नेपाली कथा लेखनको परम्परामा आञ्चलिकताको प्रयोग गरेर लेखिएका केही प्रतिनिधि कथाहरूको सङ्क्षिप्त सर्वेक्षण गर्ने कार्य यहाँ भएको छ।

भारतीय नेपाली साहित्यमा कथा एउटा सम्पन्न साहित्यिक विधा रहेको पाइन्छ। आञ्चलिकताको सिद्धान्तका आधारमा भारतीय नेपाली कथाहरूको अध्ययनको सन्दर्भमा रूपनारायण सिंहको *कथा नवरत्न*- कथासङ्ग्रहभित्रका कथा 'आमा', 'बिग्रेको बाहुन', 'धनमतीको सिनेमा-स्वप्न', शिवकुमार राईको *फ्रण्टियर* कथासङ्ग्रहभित्रका 'फ्रण्टियर', अगमसिंह गिरीको 'त्यो विचरा', इन्द्र सुन्दासको 'ऐते पाइलट', कुमार घिसिङको 'कुइरोभित्रको मृत्यु', कृष्णसिंह मोक्तानको 'अज्ञात वीर', पद्म ढकालको 'यहाँ राजाको? शासन कसको?', हाइमनदास राई 'किरात'-को 'धिताल बाजे' आदि कथाहरूलाई लिन सकिन्छ।

---

[64]श्रेष्ठ 'आधुनिक भारतीय नेपाली,' पूर्ववत्, पृ.४७-८२

विश्व-बन्धु प्रकाशन, वाराणसीबाट छापिएको कथासङ्ग्रह *कथा नवरत्व* -भित्रका 'बिग्रेको बाहुन' अनि 'धनमतीको सिनेमा स्वप्न' कथाभित्र आञ्चलिकताको प्रभाव अर्थात् आञ्चलिक रङ्गको प्रयोग गरेर कथा लेखिएको पाइन्छ। 'बिग्रेको बाहुन' कथा प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको कथा हो। यस कथाको मुख्य पात्र केही जरूरी कामको कारणले नेपाल स्थित रामेछाप अञ्चल गएको प्रसङ्गबाट कथा सुरु भएको छ। यात्रामा ज्यादा पानी परेर उनी एकजना बाहुनको घरमा बस्नु परेको वर्णन यस कथाभित्र पाइन्छ। कथामा दार्जिलिङको नेपाली समाजमा लामो समयसम्म विद्यमान रहेको जात-पात छुट्ट्याउने कुप्रथाको प्रसङ्ग पनि पाइन्छ जो आफैमा एउटा आञ्चलिक समस्या पनि हो। सानो जातकाहरूले ठुला जातकाहरूलाई भेटदा 'जदौ...' भनेर सम्बोधन गर्नु पर्नेजस्ता सन्दर्भ यस कथामा पाइन्छ। सनाही, झ्याली, कर्णाल, मृदङ्ग, आदि जस्ता बाजाहरूले लोकअञ्चललाई प्रकाशित गरेको पाइन्छ। व्रतबन्धजस्ता लोकआस्था र संस्कृति पनि यस कथामा प्रकाश पारिएको पाइन्छ। यसरी यस कथाभित्र अञ्चल विशेषको संस्कृति, परम्परा, धर्म, मान्यता इत्यादि आञ्चलिक रङ्गलाई समावेश गरेर कथा सिर्जना गरिएको पाइन्छ।

रूपनारायण सिंहको अर्को कथा 'धनमतीको सिनेमा स्वप्न' कथामा पनि दार्जिलिङ अञ्चलका सोझो नेपाली समाज अनि उनीहरूमा परेको सिनेमा जगत्को प्रभावको प्रसङ्ग पाइन्छ। यस कथाकी पात्र धनमती अशिक्षित वा अल्पशिक्षित सारा नेपाली नारीको प्रतिनिधि पात्र हो जो सिनेमा जगत्को मोहले गर्दा सुरेन बाबू, बडे मिया, सुन्दरलालजस्ता मानव पिपासाको दुस्कर्मको शिकार बनेको छ। यस कथामा त्यस समयको दार्जिलिङ अञ्चलको समाज अनि त्यहाँको परिवेश, मनोभाव, जीवनशैली आदिलाई प्रकाश पारिएको पाइन्छ। पहाडमा रहेको मानव तस्करी जस्ता अमानवीय कार्यको प्रसङ्ग पनि यस कथाभित्र रहेको देखिन्छ। आञ्चलिक परिवेश अनि वास्तविक समस्याहरूलाई प्रकाश पारिएको हुनाले यी कथामा आञ्चलिकताको प्रयोग भएको देखिन्छ।

'फ्रण्टियर' कथामा पनि दार्जिलिङ, घुम, पालमपुर, रजमक आदि अञ्चल, रावा खोला, मेसोपोटामियाको धावा, फ्रान्सको धावा, जर्मनीको धावा, फ्रण्टियरको धावा आदि ऐतिहासिक युद्धहरू, गोर्खा, अफ्रिदी, पठानजस्ता जातिको उल्लेख आदि विषय कथाभित्र समावेश गरिएको पाइन्छ। यस कथामा फ्रण्टियर देशको भौगोलिक वर्णन यसरी गरिएको पाइन्छ-

> *फेरि फ्रण्टियरको त्यो देश। नाङ्गो रूगरूगो डाँडो, हरिया-परियो रूख-पात भन्नु काहीं छैन। चारैतिर घामले डढेर चिरिएका बडे-बडे चट्टानहरू छन्। पर्वतको बीचमा ससाना टुहुरे बजारहरू- फेरि घुइँचो कस्तो नि ! बजार अफ्रिदी र पठानहरूले भरिएको छ।*[65]

कथामा गोर्खाहरू अङ्ग्रजीको सेनामा भर्ना भएर विभिन्न देशहरूमा अङ्ग्रेजको पक्षमा लडाइँ गर्न गएको ऐतिहासिक कुराको पनि उल्लेख पाइन्छ अनि सँगै ती देश अनि भूभागको आञ्चलिक विशेषताको वर्णन पनि भएको पाइन्छ। फ्रण्टियर कथामा पठानहरूको आफ्नो देशप्रतिको प्रेम अनि समर्पण उनीहरूको अञ्चलविशेषको समस्या आदिलाई प्रकाश पारिएको देखिन्छ। सचेत रूपले आञ्चलिक कथा लेखन कार्य नगरेका भए तापनि कथाकार शिवकुमार राईका कथामा छुटपुट प्रयोग भएको मान्न सकिन्छ।

अगमसिंह गिरीले कविता, खण्डकाव्य, अनुवाद, गीत, कथा आदि साहित्यिक विधाहरूमा कलम चलाएर साहित्य सिर्जना गरेको पाइन्छ। उनको कथाकारीताको सन्दर्भमा आञ्चलिकताको कुरा गर्दा उनले उनको कथा 'त्यो विचरा'- मा नेपाल राष्ट्रको पहाडी अञ्चल विशेषमा भएका नेपलीहरूको दयनीय अवस्थाको वर्णन गरेका छन्।

---

[65]रिन्जी इडेन वाङ्दी, सन् २०१८, *'फ्रण्टियर' का कथाकार शिवकुमार राई*, दार्जिलिङ: विजय कमल प्रधान, पृ.१०९

कथामा चाडपर्व र लोकजीवनसित जोडिएका कुराहरूको वर्णन पनि पाइन्छ। कथाकारले कथाञ्चलको ग्रामीण जीवनको पक्षलाई अनि त्यसको महत्त्वलाई खुबै सुन्दर ढङ्गमा वर्णन गरेको पाइन्छ-

> *आज, विजया-दशमीको शुभ मुहूर्त, वर्ष दिनको रमाइलो चाड। बिहानैदेखि मादलको 'धिङ्... ताङ्... धिङ्...ताङ्...' को आनन्ददायक सभ्यताको पूजामा, संस्कृतिको रक्षामा, पोषाकको मर्यादामा कति गौरवान्वित- सुदा सादा गाँउलेहरूको यो संसार।*[66]

यस कथामा पहाडबाट नेपालीहरू दार्जिलिङ पैसा कमाउन आएको प्रसङ्ग, दार्जिलिङ बजारमा कमान, गाउँ-बस्तीबाट हाट भर्न आउनेहरूको जीवनचर्या, चाँदमारी गाँउ, महाकाल डाँडा अनि त्योसित जोडिएको आस्था आदिको उल्लेख गरिएको पाइन्छ। कथामा प्रयुक्त यी प्रसङ्गहरूलाई आञ्चलिक मान्न सकिन्छ।

इन्द्र सुन्दासद्वारा लिखित 'ऐते पाइलट' कथा दार्जिलिङ अञ्चललाई पृष्ठभूमि बनाएर लेखिएको कथा हो। उनको यस कथा दार्जिलिङमा हिमालयन रेल्वेको तत्परतामा सानु रेल चल्न थालेको ऐतिहासिक घटनाको प्रसङ्गबाट सुरु गरिएको पाइन्छ। यस कथामा दार्जिलिङ अञ्चलको नेपाली समाजमा पाश्चात्य सभ्यताको प्रभावलाई देखाइएको छ। रेल चालकलाई पनि 'पाइलट' भनिएको रोचक प्रसङ्ग यस कथामा पाइन्छ। यस कथाभित्र दार्जिलिङ स्थित सुनदह (अहिले सोनादा) र टुङ रेलवे स्टेसनको पनि उल्लेख गरिएको पाइन्छ। चियाकमान अनि सडकमा कुल्ली काम गरेर जीविका चलाउने निम्नवर्गीय नेपाली समाजको चित्र यस कथामा पाइन्छ। भाइटिका चाड, भगाएर बिहे गरेपछि तिन दिनपछि चोरीदण्ड बुझाउनु पर्ने रीति आदि जस्ता आञ्चलिक विशेषता र परम्पराको वर्णन यस कथामा पाइन्छ।

---

[66]चन्द्र शर्मा, सन् १९९८, *अगमसिंह गिरी रचनावली (ग्रन्थ २)*, सिक्किम: निर्माण प्रकाशन, पृ.८-९

कथाकार कुमार घिसिङको 'कुइरोभित्रको मृत्यु' कथामा दार्जिलिङ अञ्चलको प्राकृतिक परिवेशको वर्णन भएको पाइन्छ। यस कथामा 'बन्दगी' राख्ने दार्जिलिङको आञ्चलिक परम्पराको उल्लेख पनि पाइन्छ। दार्जिलिङको चौरस्ता, गोलघर, चोकबजार, सन्दकपु, चौरस्ता, टाउनहलको उल्लेख पनि यस कथामा पाइन्छ। यी सबै कुराहरूको समविस्टिले यस कथामा आञ्चलिकताको प्रयोग भएको पाइन्छ।

कृष्णसिंह मोक्तानद्वारा लिखित 'अज्ञात वीर' कथाभित्र गुवाहाटी स्टेसन, अलिपुरद्वार, सिलगडी, डुवर्सस्थित राजाभातखोवाजस्ता ठाउँहरू अनि नेपाल राष्ट्रभित्र पर्ने धरानको उल्लेख गरिएको पाइन्छ। बिहारी, मारवाडी, नेपाली आदि जातिको रहनसहन अनि दसैं चाडपर्व, तिर्थ आदिको उल्लेख पनि पाइन्छ। कथामा डुवर्सस्थित ग्रामीण अञ्चल राजाभातखोवामा बसोबास गर्ने जेठा राईको प्रसङ्ग मुख्य रहेको देखिन्छ। पच्चीस-तिस घर भएको राजाभातखोवा फारसमा जेठा राई आलु, मकै, पाटको (रेसमको सूत) खेती गरेर बसेको प्रसङ्ग यस कथा समावेश गरिएको पाइन्छ। राजाभातखोवा गाउँको आञ्चलिक परिवेशको वर्णन यस कथामा गरिएको पाइन्छ-

*राजा-भात-खोवो... डुवर्सको नामी जरङ्गल, डरलाग्दो अनि भयङ्कर। हिंसक बाघ, भालु, चितुवा, गैंडा, बनेल अनि जरङ्गली हात्तीहरूले पूर्ण। हाम्रो राजाभातखोवामा त रातभरि उज्यालो हुन्छ, राँको र पुल्ठो सबैको घरअघि बलिरहन्छ। उसले आँखा नचाएर भन्यो- हामीहरू घाम नअस्ताई भात खाइसक्छौं, झमक्क रात परेपछि जुलुम तमासा पो हुन्छ। कहाँको सुनसान दाज्यु; पहिले स्याल चिच्च्याएर रून्छ, त्यसपछि चमेराले आकाश नै ढाकेर रमिता लगाँउछ। च्याँर-च्याँर कराएर कानको जाली फुटाउन खोज्छ। त्यसपछि माथिल्लो फारसबाट कुदेका बनेलहरूले घरै हल्लाउँछन्। एकछिनपछि टाढाको आवाज क्वाँ... क्वाँ... क्वाँ... तुरहीको आवाजजस्तो। वीरमान थापाको गाँउबाट राँको र पुल्ठो हल्लाएकोले*

*जङ्गलै आगो लागेजस्तो देखिन्छ। त्यसपछि कु...डु...डु...डु...गु...डु...डु...डु... गरेको आवाज आउँछ।*[67]

यसरी यस कथाभित्र डुवर्सको ग्रामीण अञ्चल राजाभातखोवाको आञ्चलिक विशेषताहरूको वर्णन साथै त्यहाँ बसोबास गर्ने मानिसहरूलाई हात्तीले दिइरहने दैनन्दिनको दुःखको चित्रण-वर्णन गरिएको पाइन्छ।

असमेली भारतीय नेपाली कथाकार पद्म ढकालको जन्म सन् १९३४ सालमा गोल्धारीमुख, सिपरिया, दरङ (असम)-मा भएको थियो।[68] उनको 'यहाँ राजाको? शासन कसको?' कथामा आञ्चलिकताको प्रयोग भएको पाइन्छ। राङापाडा जङ्क्सन, तेजपुर, तेवारी गाउँ, दिसपुर, सिलापथार, ब्रह्मपुत्र आदि स्थानको उल्लेख यसको विवरण कथाभित्र गरिएको पाइन्छ। उनको प्रस्तुत कथा ऐतिहासिक घटनामा आधारित रहेको छ। मूल रूपमा यस कथामा उत्तर-पूर्वी राज्य असमका नेपालीहरूले भोग्नु परेको चिन्हारी समस्या अनि उनीहरूको कठीन जीवनचर्याको व्याख्या छ। असममा धेरै लामो समयदेखि बसोबास गरी आएका तेजपुरे साइला उनका बराजुहरू नेपालबाट आएर तेजपुरमा बसेका, आज कचहरी 'कोर्ट' भएको ठाउँ धेरै अघि उसका गाई-गोठ थिए भन्ने असमिया नेपालीको आञ्चलिक इतिहास र दुखदायी जीवन गाथाको चर्चा यस कथामा पाइन्छ। तेजपुरे साइलालाई विदेशी भनेर पुलिसले पक्रिएको अनि उनीहरूको गाई-भैंसी, बाख्रा-पाठा, हलगोरू, घर-कटेरा लुटिएको प्रसङ् यस कथामा पाइन्छ। कथामा असमिया संस्कृतिका प्रख्यात व्यक्ति ज्योतिप्रसाद अग्रवाल, 'असम साहित्य सभा', 'स्टेट्सम्यान', 'दैनिक असम', 'असम ट्रिब्युन', 'इलस्ट्रेटेड विक्ली', 'पत्रपत्रिको', 'गौचरण', 'म्यादी पट्टा' (स्थायी बन्दोबस्तको निम्ति सरकारी स्वीकृति) आदि अञ्चल विशेषसित सम्बन्धित विविध पक्षहरूलाई प्रस्तुत गरिएको छ।

---

[67]श्रेष्ठ 'आधुनिक भारतीय नेपाली..', पूर्ववत्, पृ.२९१-२९२

[68]श्रेष्ठ 'आधुनिक भारतीय नेपाली..', पूर्ववत्, पृ.२२४

१९ फरवरी, सन् १९१९ मा जन्मिएका कथाकार हाइमनदास राई 'किरात' भारतीय नेपाली साहित्यमा एउटा परिचित नाउँ हो।[69] सन् १९५६ सालमा उनको *बिनायो* कथासङ्ग्रह प्रकाशित पाइन्छ जसको दोस्रो संस्करण सन् २०१० सालमा प्रकाशित भयो। उनको यस कथासङ्ग्रहभित्रको कथा 'धिताल बाजे' मा आञ्चलिकताको प्रयोग भएको पाइन्छ। कथाले जात-पात र छुवाछुतको मूलकथ्यलाई प्रस्तुत गरे तापनि नेपालको कुनै अञ्चल विशेषमा विद्यमान नेपाली समाजको जीवनशैली, परम्परा, रीति-रिवाज, उनीहरूले भोग्नु परेको समस्या आदि पक्षहरूलाई पनि व्यक्त गरेको छ। छुवाछुत कुनै एक विशेष अञ्चलको समस्या मात्र होइन तथापि यस कथाले नेपालको कुनै गाउँको सांस्कृतिक पक्षलाई अघि सारेकाले यसमा केही रूपमा आञ्चलिक समस्या देखाइएको मान्न सकिन्छ। घरदेखि कतै जाँदा साइत हेराउनेजस्ता लोक विश्वासको वर्णन पनि 'धिताल बाजे' कथामा पाइन्छ।

बालविवाह, सानो जातकाहरूले ठूलो जातकाहरूलाई भेट्दा 'जदौ हजुर' भनेर सम्बोधन गर्नु पर्नेजस्ता आञ्चलिक कुप्रथाको प्रसङ्ग समेत यस कथामा पाइन्छ। किरातको प्रस्तुत कथा काल्पनिक नभएर सामाजिक यथार्थमा आधारित रहेको छ जसले आञ्चलिक समस्या अनि परम्पराहरूलाई उजागर गरेको छ। भारतीय नेपाली कथा साहित्यमा आञ्चलिकता थोरै चर्चामा आएको विषय हो। सचेत रूपमा आञ्चलिकतालाई समातेर कथा लेख्ने कथाकार नगण्य छन् तथापि धेरैजसो भारतीय नेपाली कथाहरूमा आञ्चलिकता वा आञ्चलिक समस्या पाउन सकिन्छ। कतै सचेत अनि धेरै जसो असचेत रूपमा आञ्चलिकताले प्रवेश पाएको पाइएको छ।

---

[69]श्रेष्ठ 'आधुनिक भारतीय नेपाली..', पूर्ववत्, पृ.२८९

# चौथो अध्याय

## ४. आञ्चलिकताको दृष्टिकोणले सानु लामाका कथाहरूको विश्लेषणात्मक अध्ययन

### ४.१ सानु लामाको परिचय अनि जीवनी

भारतीय नेपाली कथाका क्षेत्रमा सानु लामाको एउटा छुट्टै स्थान रहेको पाइन्छ। भारत सरकारद्वारा पद्मश्रीको सम्मान प्राप्त गरेका सानु लामा साहित्य अकादेमी पुरस्कारद्वारा पनि पुरस्कृत भइसकेका छन्। सानु लामाको जन्म १५ जुन १९३९ मा पिता स्व चन्द्रमान घिसिङ र माता स्व फूलमाया घिसिङको कोखबाट गान्तोकमा भएको थियो। उनको न्वारनको नाउँ गरुडसिंह लामा हो तर नेपाली साहित्य जगत्मा उनी सानु लामा नामले नै परिचित रहेका छन्।

सानु लामाले आफ्नो प्राथमिक शिक्षा गान्तोकस्थित सर टाशी नामग्याल हाईस्कूलबाट सुरु गरेर सन् १९५६ सालमा मेट्रिकको परीक्षा पास गरे। त्यसपछि सन् १९५९ मा पश्चिम-बङ्गालको वर्द्धमान विश्वविद्यालयअन्तर्गत रहेको महाराजाधिराज विजयचन्द्र इन्स्टिच्युट अव् इन्जिनियरिङ एन्ड टेक्नोलोजीबाट अभियान्त्रिकी (सिविल इन्जिनियरिङ) को अध्ययन पूरा गरेर सिक्किम सरकारको जनकार्य विभागमा इन्जिनियरका पदमा सन् १९५९ सालमा नियुक्त भएका थिए। इन्जिनियरका रूपमा उनले सिक्किम सरकारअन्तर्गत विभिन्न विभागमा सेवा पुऱ्याए। उनको विवाह पच्चीस वर्षको उमेरमा दार्जिलिङको सोम चिया कमानबासी स्व प्रतापसिंह योञ्जनकी अन्तरी छोरी, कमला योञ्जनसित सन् १९६४ सालको जनवरी महिनामा भयो। त्यसै सालको नोभेम्बर महिनामा पहिलो सन्तान विनय तामाङको जन्म भयो अनि पछि दुईजना छोरीहरू

(अनुशा तामाङ र प्रेरणा तामाङ) साथै एकजना छोरा (भिसु तामाङ) को जन्म भयो। ३८ वर्षसम्म सिक्किम सरकारको विभिन्न विभागमा सेवा पुऱ्याएपछि जुन महिना सन् १९९७ मा सरकारी सेवाबाट उनले अवकाश ग्रहण गरे।[70]

### ४.२ साहित्यिक यात्रा

विद्यार्थीकालदेखि नै सानु लामाको साहित्य लेखनमा रुचि रहेको पाइन्छ। निबन्ध लेखन साथै लघुआकारका कथा लेखनसँगै साहित्य लेखन यात्रा सुरु गरेका सानु लामा आफ्ना शिक्षक स्व रश्मीप्रसाद आलेबाट धेरै प्रभावित भएको पाइन्छ। उनको पहिलो निबन्ध 'खुकुरीको आत्मकथा' हो भने उनको पहिलो कथा 'चङ्गा' (सन् १९५७) हो। 'चङ्गा' कथा हाल अप्राप्य रहेको छ। उनका थुप्रै फुटकर साहित्यिक रचनाहरू *दियालो, हिमालोक, दियो, मालिङ्गो, प्रक्रिया, स्रष्टा, कनका* आदि पत्र-पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ। उनका छोटा कथाहरू हिन्दी, उर्दू, असमीया, उडिया अङ्ग्रेजीजस्ता अन्य भाषामा अनुवाद भएका छन्।[71] उनका प्रकाशित कृतिहरू निम्न रहेका छन्-

### ४.३ कथासङ्ग्रह

(क) कथा-सम्पद (कथासङ्ग्रह, सन् १९७४)

(ख) मृगतृष्णा (कथासङ्ग्रह, सन् १९९०)

(ग) सूर्यको तेस्रो किरण (कथासङ्ग्रह, सन् २००८)

### ४.४ अन्यान्य विषयका कृतिहरू

(क) भगवान बुद्ध, जीवन र दर्शन (अनुवाद, सन् १९९३)

---

[70]अविनाश श्रेष्ठ सन् (२००७) *आधुनिक भारतीय नेपाली कथा,* साँझा प्रकाशन, ललितपुर, पृ-५५५
[71]कल्पना त्रिपाठी सन् (२०१६) *सानु लामाका कथामा समाज,* विनायक प्रकाशन, पृ-३

(ख) गुरु पद्मसम्भव, भाग १ र २ (अनुवाद, सन् १९९३)

(ग) हिमालचुलीमुन्तिर (आत्मपरक वृत्तान्त, सन् १९९८)

(घ) जहाँ बग्छ टिस्टा रङ्गित ( गीत, सन् २०००)

(ङ) आँगन-परतिर (भ्रमणवृत्तान्त, सन् २००१)

यी बाहेक उनका लघुकथाहरू *गोजिका* पत्रिकामा प्रकाशित भएको पाइन्छ।

## ४.५ सम्मान एवम् पुरस्कार

सानु लामा विभिन्न पुरस्कारहरूद्वारा पुरस्कृत तथा मान-समानहरूद्वारा सम्मानित भइसकेका छन्। उनी सन् १९९१ मा सिक्किमको 'भानु पुरस्कार' द्वारा सम्मानित भए भने सन् १९९३ मा कथासङ्ग्रह *मृगतृष्णा-* का लागि उनलाई भारत सरकारको साहित्य अकादेमी पुरस्कार प्राप्त भयो। सन् २००१ मा आत्मपरक वृत्तान्त *हिमालचुली-मन्तिर*को लागि उनलाई 'शोभाकान्ति थेगिम स्मृति पुरस्कार'- द्वारा पुरस्कृत गरियो। सार्च २८, सन् २००५ का दिन भारतका महामहिम राष्ट्रपतिबाट उनी 'पद्मश्री' सम्मानद्वारा विभूषित भए। साहित्य लेखनमा पुर्‍याएको योगदानको कदर गर्दै सिक्किम सरकारले 'सिक्किम सम्मान सम्मिलन'-मा उनलाई सम्मान जनायो।

## ४.६ सानु लामाका कथाहरूको प्रवृत्तिगत विशेषताहरू

भारतीय नेपाली कथाकारहरूमध्ये सानु लामा एकजना प्रखर कथाकारका रूपमा परिचित छन्। उनले विविध विषयबारे कथाहरू लेखेका छन्। मुख्यरूपले सामाजिक यथार्थवाद कथा लेख्ने लामाका कथाहरूले समाजका विविध पक्षहरूलाई उजागर गरेका छन्। उनका कथाहरूको मूलभूत प्रवृत्ति सामाजिक, मनोवैज्ञानिक तथा आञ्चलिक मान्न सकिन्छ।

### ४.७ सानु लामाको कथाकारिता

समालोचक घनश्याम नेपालअनुसार- "सानु लामा कथाको अभिव्यक्ति पक्षलाई भन्दा भाव-पक्षलाई प्रधानता दिने कथाकार हुन्। उनी आफ्ना कथामा अतिशयताको प्रयोग गर्दैनन्। असाधारणको भन्दा साधारणको चित्रण र उद्‌घाटनमा अधिक ध्यान दिने कथाकार लामा पराकाष्ठा र विलक्षणताको प्रयोग गरी पाठकलाई असाधारण मानसिक अवस्थामा पुऱ्याउने कथाकार होइनन्। सानु लामा प्रयोगधर्मीभन्दा सन्देशमुखी कथाकार प्रतीत हुन्छन्। तर त्यसो भन्नाले प्रयोगात्मकतातर्फ सानु लामाको दृष्टि पुग्दै-नपुगेको पनि छैन। धेरै नभए पनि प्रत्येक सङ्कलनमा एक-एकवटा कथा त उनले समकालीन प्रयोगवादीहरूका ढाँचामा लेखेको पाइन्छ।"[72]

समालोचक घनश्याम नेपालको उपर्युक्त भनाइअनुसार सानु लामा वास्तविकतालाई प्रमुखता दिने कथाकार हुन् भन्ने स्पष्ट हुन्छ। आफ्नो कथाकारिताबारे कथाकार सानु लामासित लिएको अन्तर्वार्तामा प्रस्तुत विचार घनश्याम नेपालसित मिल्दो रहेको देखिन्छ। लामा भन्छन्-

> *कथा पढिने सामग्री मात्र नभएर समाजलाई उज्यालोतिर जोऱ्याउने गोरेटो पनि हो। कथाले जे भन्छ समाजले सबै पत्याउँछ। यसैले कथाले ढाँटनु हुँदैन।*[73]

### ४.८ सानु लामाका कथामा आञ्चलिकताको प्रयोग

सानु लामाले आफ्ना धेरै जसो कथाहरूमा ग्रामीण जीवनको वास्तविक चित्रलाई प्रस्तुत गरेका छन्। उनका कथाहरूमा मूल रूपमा सिक्किम अनि दार्जिलिङ अञ्चलका

---

[72]श्रेष्ठ, 'आधुनिक भारतीय नेपाली कथा',पूर्ववत्, पृ.५५७

[73]सानु लामासित दिनाङ्क १७/१०/२०१९ का दिन उनको निवासस्थान गान्तोकमा लिइएको अन्तरवार्ताबाट उद्‌धृत

नेपालीहरूको जीवन, रीति-रिवाज, संस्कृति, सङ्घर्ष आदिको वर्णन गरिएको पाइन्छ। उनका कथाहरूमा आञ्चलिक प्रवृत्ति साथै आञ्चलिक रङ्गको प्रयोग गरिएको पाइन्छ।

सानु लामाका कथासङ्ग्रहभित्र भएका कथाहरूमा सिक्किम अञ्चलको ऐतिहासिक पृष्ठभूमि पाइन्छ। उनको *कथा-सम्पद* कथासङ्ग्रह सन् १९७४ अनि *मृगतृष्णा* कथासङ्ग्रह सन् १९९० सालमा प्रकाशित भएका हुन्, जति बेला सिक्किम एउटा स्वतन्त्र राष्ट्र थियो। उनको *सूर्यको तेस्रो किरण* कथासङ्ग्रह सन् २००८ मा प्रकाशित भएको हो। सन् १९७५ मा सिक्किम भारतमा विलय भएपछि यहाँ पूर्णरूपमा प्रजातन्त्रको बहाली भएको हो। सानु लामाका कथाहरूमा यसैले सिक्किम अञ्चलमा देखिएका राजनैतिक, सांस्कृतिक, ऐतिहासिक परिवर्तनको नक्सा स्पष्ट रूपमा देख्न सकिन्छ। समग्रमा भन्नु पर्दा सिक्किमको विविध पक्षलाई लामाका कथाहरूले प्रस्तुत गरेका छन्। त्यसैले आञ्चलिकताको दृष्टिकोणबाट उनको कथालाई हेर्नु एउटा महत्त्वपूर्ण र रोचक विषय हो।

सानु लामाका कथाहरूमा आञ्चलिकताको प्रयोग विषय लिएर अध्ययन साथै विश्लेषण गरिने क्रममा *कथा-सम्पद, मृगतृष्णा* अनि *सूर्यको तेस्रो किरण* गरी तीनवटा कथासङ्ग्रहभित्रका आञ्चलिक विशेषता भएका कथाहरूको अध्ययन अनि विश्लेषण यहाँ प्रस्तुत गरिएको छ।

### ४.८.१ कथा सम्पद कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

*कथा-सम्पद* सङ्ग्रहमा 'स्वास्नी मान्छे', 'पहाडी फूल काँडाकै माझ', 'अनुकम्पा', 'गौरी', 'इयरिङ', 'फुर्बाले गाँउ छोड्यो', 'कमला', 'बलराम थापाको कथा', 'असिनाको मान्छे', 'खानीटारमा एकदिन' 'तृषित मरुद्यान', अनि 'सम्पत्ति' गरेर जम्मा बाह्रवटा कथाहरू छन्। यस सङ्ग्रहका धेरैजसो कथाहरू सामाजिक यथार्थवादी छन्। यस सङ्ग्रहभित्र रहेका कथाहरूमध्ये 'स्वास्नीमान्छे', 'पहाडी फूल काँडाकै माझ', 'फूर्बाले गाउँ छोडयो',

'कमला', 'खानीटारमा एक दिन' यी पाँचवटा कथाहरूमा आञ्चलिकता प्रखररूपले मुखरित भएको पाइन्छ।

'स्वास्नीमान्छे' कथामा सिक्किमको सिङतामस्थित कच्चा-लाइन, सिङतामको छेवैमा बग्ने रानी-खोला, टिस्टा नदी, त्यहाँको मेला टार आदि ठाँउहरूको वर्णन गरिएको पाइन्छ। कच्चा-लाइनभित्र मट्टीतेलका टीनका छाना, खरको छाना, टुक्राटुक्री टीन, तख्ता, बाँस इत्यादि छापेर बनिएका घर अनि त्यहाँ बसोबास गर्ने नेपालीहरूको जीवनशैलीको सुन्दर वर्णन यस कथामा गरिएको पाइन्छ। प्रस्तुत कथामा सिक्किम भारतमा विलय भएर एउटा राज्य हुनभन्दा अघिको सिङताम, त्यहाँको सामाजिक व्यवस्था, जीवनशैली, त्यहाँ बसोबास गर्ने जात-जातिको समूह, उनीहरूको जीवन धान्ने माध्यमको वर्णन अति रोचक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ। एउटा सानो अञ्चल सिङतामभित्र नेपाली, भोटे, लेप्चा, मधेसे, मुसलमान, धोबी, मोची आदिको मिश्रित सांस्कृतिक समूह मिलेर बसेको प्रसङ्गबाट त्यस समयको सिङ्ताम अञ्चलको व्यवस्था कस्तो थियो भन्ने कुरा कथाका माध्यमबाट बुझ्न सकिन्छ।

नेपाली, भोटिया, अनि लेप्चा प्रायः कुल्ली काम गरेर यीमध्ये पनि नेपाली, भोटे अनि लेप्चा प्रायः कुल्ली काम गरेर, मधेसेहरू साना-साना पान-बिडीको दोकान चलाएर, मुसलमानहरू मासु दोकान चलाएर, धोबीले लूगा धुने व्यवसाय गरेर अनि मोचीले जुत्ता सिलाएर जीविका चलाउने गरेको सामाजिक चित्र कथाले प्रस्तुत गरेको छ। बेलुकी भएपछि रामायण पाठ गरिने, कोही मुरली कोही मादल बजाउँदै गीत गाउने गरेको त्यस समयको नेपाली समाजको सांस्कृतिक संरचनालाई कथाकारले सजीव रूपमा यस कथामा प्रस्तुत गरेका छन्। माघे-मेलाको समयमा शुक्रवार सिङताम हाट[74] बजारमा तरूल बेच्न

[74]आज पनि सिङताममा शुक्रबारको दिन हाट बजार लाग्ने चलन छँदैछ।

ल्याएको वर्णन यस कथामा गरिएको पाइन्छ। कथामा प्रस्तुत त्यस समयको सिङ्तामको वर्णनबाट सिङ्ताममा बसोबास गर्ने जनसमूहको आर्थिक अवस्था, जीवनशैली, त्यहाँको सामाजिक व्यवस्था, सांस्कृतिक संरचना आदि जस्ता कुराहरू स्पष्ट रूपमा बुझ्न सकिन्छ। सिङतामको सामाजिक अनि पारिवारिक व्यवस्था पुरुष प्रधान रहेको साथै स्त्री पूरूष प्रताडित रहेको वर्णन सविता तामाङले आफ्नो लेख *सानु लामाको कथा-सम्पद कथा सङ्ग्रहका नारी पात्र*- मा गरेको पाइन्छ।[75] आञ्चलिक लेखनले अञ्चल विशेषको भौगोलिक अवस्थिति अनि सामाजिक-सांस्कृतिक परिवेशलाई मात्र महत्त्व दिएको हुँदैन तर सामाजिक संरचनाभित्र गुम्फित अन्य विषयहरूलाई समेत अभिव्यक्त गरेको हुन्छ। सत्ता-शासन र शक्ति आजका समाज व्यवस्थाको संकथनभित्र पर्ने विषय मात्र होइनन् तर आञ्चलिक लेखनभित्र पनि यी कुराहरू प्रत्यक्ष-परोक्ष रूपमा प्रस्तुत भएका हुन्छन्। 'स्वास्नी मान्छे' कथा अनि अन्य कतिपय कथाका नारी पात्रहरूको स्थिति आदिबाट यी कुराहरू अभिव्यक्त भएको मान्न सकिन्छ।

*कथा-सम्पद* सङ्ग्रहको अर्को कथा 'पहाडी फूल काँडाकै माझ' मा नेपालीहरूले जीवनयापनका लागि गर्नु परेको सङ्घर्षको कथा छ। सत्तरीको दशकभन्दा अघि सिक्किम, दार्जिलिङ, कालिम्पोङ, खर्साङमा बसोबास गर्ने नेपालीहरूको आर्थिक सङ्घर्षको वर्णन यस कथामा गरिएको पाइन्छ। यस कथाका पात्रहरू गणेशमान मोक्तान (सरकारी ओभरसियर), पी एस राई (सरदार), कालुसिंह छेत्री (मुन्सी), वीरबहादुर (एकाउन्टेन्ट), बीरे, जेठा मंगर, गिरी (इन्सपेक्टर), पदमबहादुर गुरूंग (दीलुको पिता), अनि दिलु आदि हुन्। यस कथा दक्षिण सिक्किम स्थित तीमितार्कुमा यातायात सुविधाका लागी सडक निर्माण कार्यको प्रसङ्गबाट सुरु भएको छ। कथाभित्र टिस्टा नदी, पाबुङ्गको ठाडो

---

[75]सबिता तामाङ, 'सानु लामाको कथा-सम्पद कथा सङ्ग्रहका नारी पात्र', घनश्याम नेपाल (सम्पा), सन् २०१०, *अभिज्ञान*, नेपाली विभाग उत्तर-बङ्ग विश्वविद्यालय, पृ.४३-४४

खोलाको उल्लेख गरिएको पाइन्छ। सिक्किम, दार्जिलिङ, कालेबुङ, खर्साङ आदि क्षेत्रमा यतायातको आधारभूत सुविधाको विकासको प्रसङ्ग यस कथामा पाइन्छ। यातायातको असुविधाका कारण यी क्षेत्रका मानिसहरूले भोग्नु परेको विकट परिस्थितिलाई कथाले उदाङ्गो पारेको छ। पदमबहादुर गुरूङकी छोरी दिलु खोलाको किनारमा मरिसकेको घटना, पदमबहादूर गुरूङ आफै आफुले कमाएको पैसा हराएपछि आत्मा-हत्या गरेको, दार्जिलिङ, कालेबुङ, खर्साङबाट सिक्किममा कुल्ली काम गरेर पैसा कमाउन आएका नेपालीहरूको प्रसङ्ग यस कथाभित्र समावेश गरिएको पाइन्छ। उक्त प्रसङ्गहरूबाट तत्कालीन नेपालीहरूको आर्थिक अवस्था कमजोर साथै दुःखदायी रहेको स्पष्ट हुन्छ। यसैले यो कथाले तत्कालीन सिक्किम अञ्चल साथै छिमेकी पहाडी अञ्चल दार्जिलिङका नेपालीहरूको आर्थिक, सामाजिक, मानसिक अवस्थालाई व्यक्त गरेको छ। यी अञ्चलहरूका विविध पक्षलाई मार्मिकताका साथ प्रस्तुत गर्ने यो कथा एउटा सफल आञ्चलिक कथा हो।

यसै सङ्ग्रहको अर्को कथा 'फूर्बाले गाउँ छाड्यो' कथाका पात्र-पात्राहरू फूर्बा, गोमती (फूर्बाकी पत्नी) प्रमुख पात्रका रूपमा रहेका छन् भने पोक्ची-आमा, मोक्तान्नी बज्यू, दोंग बाजे आदि सहायक पात्रका रूपमा देखिन्छन्। यस कथाभित्र सिक्किम अञ्चलभित्रका नाम्ची, बूमटार, रोङ गाँउ, आले डाँडा, कोप्चे गाँउ. गान्तोक, आदि ठाउँको उल्लेख गरिएको गाउँ पाइन्छ। 'फूर्बाले गाँउ छाड्यो' कथामा फूर्बाको जात विषय उल्लेख नगरे पनि फूर्बा तामाङ नै हुन् भन्ने अनुमान कथाञ्चल बूमटारमा कथाको परिवेशलाई हेर्दा अनि आज पनि त्यस ठाउँमा तामाङहरू बहुसङ्ख्यक रहेको तथ्यबाट पुष्टि हुँदछ। कथा फूर्बाले छोडेको प्रसङ्गबाट सुरु भएको छ। सामान्य रूपले हेर्दा यस कथाका मूल पात्र फूर्बाले गाउँ छोड्नुको कारण आफ्नो दुई महिनाकी गर्वती पत्नीको

मृत्युजस्तो देखिन्छ तर फूर्बाले गाउँ छोडनुको कारण आफ्नो दुई महिनाकी गर्वती भएकी पत्नीको मृत्यु मात्र होइन भन्ने कुरा कथाको एउटा प्रसङ्गबाट स्पष्ट हुँदछ। कथाकार एक ठाउँ लेख्छन्-

> *फूर्बा सुस्तरी हिड्न लागेको थियो। हिड्दै बिस्तारै भन्यो- मैले गाँउ छाडेको गोमतीलाई भुल्नु होइन, दिदी। मलाई त रून मन मात्र लाग्छ। कहाँ हुन्छ, म त एक्लै रोइबस्छु।*[76]

फूर्बाको उपर्युक्त भनाइबाट उसले गाउँ छोड्नुको मूल कारण अर्कै रहेको बुझ्न सकिन्छ। फूर्बाले गाउँ छोड्नुको कारण एउटा साधारण गर्भवती स्त्रीलाई सामान्य स्वस्थ्य सुबिधा पनि उपलब्ध गर्न नसक्ने त्यस समयको सिक्किम अञ्चलभित्रको नाम्चीमा भएको कमजोर स्वास्थ्य सेवाप्रतिको व्यङ्ग्यको रूपमा प्रस्तुत भएको पाइन्छ। यस सन्दर्भमा कथाकार लामासित लिएको अनतरवार्तामा त्यस समय सिक्किमको नाम्ची लगायत अन्य क्षेत्रहरूमा स्वस्थ सेवा अति नै निम्न स्तरको रहेको कुरा छर्लङ्ग भएको पाइयो। उनको भनाइअनुसार सामाजिक न्याय तथा अन्य विषयहरू अति नै कमजोर रहेकाले तत्कालीन सिक्किमका वासिन्दाहरूले धेरै कष्ट भोग्नु परेको थियो। यी नै कमी-कमजोरीका कारण सिक्किम अञ्चलका मानिसहरूले भोग्नु परेका विविध समस्याहरूलाई प्रस्तुत गर्ने उद्देश्य राखेर नै यो कथा जन्मिएको हो।[77] यो कथा त्यसताकको सिक्किमको आञ्चलिक व्यवस्थाप्रति व्यङ्ग्य हो। यस कथालाई एउटा सफल आञ्चलिक कथा मान्न सकिन्छ।

सिक्किम एउटा स्वतन्त्र राष्ट्र थियो र छोगेलको अधिनमा लामो समयसम्म शासन चलेको इतिहास पाइन्छ। त्यसबेलाको शासन प्रणालीअन्तर्गत रहेको काजी-ठेकादार, मण्डल, कारबारी, कालो भारी, कुरूवा इत्यादिको परम्परा सिक्किममा लामो समयसम्म

---

[76]लामा, सन् १९९५, *कथा-सम्पद*, गान्तोक : के. आर. ईन्टरप्राइजेस्, पृ .४२

[77]दिनाङ्क १७/१०/२०१९ मा कथाकार सानु लामासित लिइएको अन्तरवार्ताबाट उद्धृत

विद्यमान रह्यो। सानु लामा सिक्किम एउटा स्वतन्त्र राष्ट्र हुँदादेखि भारत देशसित विलय भएर एउटा राज्य बनेको समयसम्म बाँचेका कथाकार हुन्। उनको कथाहरूमा सिक्किमले भोगेको इतिहास र ऐतिहासिक परिवर्तनको प्रभाव देख्न पाइन्छ।

'कमला' सिक्किमको राजा-शासन प्रणालीभित्रको काजी-ठेकादारको क्रुर अनि अमानवीय शासन-व्यवस्थालाई विषय-वस्तु बनाएर लेखिएको एउटा आञ्चलिक कथा हो। यस कथाकी मूल पात्र कमलाको विवाह सल्लीबोट गाउँका एक शिक्षकसित हुने तय भइसकेको हुन्छ। नेपाली संस्कृतिअनुसार परिवारसित भेटेर कुरा मिलाएपछि चार दिनपछि कमलालाई भगाएर लानु पर्ने आञ्चलिक रीतिको अभिव्यक्ति यस कथामा पाइन्छ। कथामा कमलाको विवाहकै समयमा रायसाहब ठिकादार जगत्सिंहले कमलाको पिता मानबीरले दिनुपर्ने बत्तिस मुरी धानको बाँकी डेढाको माघ गर्छ। मानबीर तोकिएको समयभन्दा अघाडी बत्तिस मुरी धानको डेढा तिर्नु असमर्थ भएकाले उसबाट उसको बस्तु-भाव, उसको बाबु-बाजेदेखि रगत-पसिना बगाएर संचय गरिराखेको जग्गा-जमिन ठिकादारले आफ्नो बनाएको आञ्चलिक कुप्रथाको वर्णन यस कथामा पाइन्छ। मानबीर कालो-कोठामा थुनिएको, कमजोर कमलाको बलात्कार भएको र उसले आत्मा-हत्या गरेको प्रसङ्ग यस कथाभित्र पाइन्छ। 'कमला' कथा एउटा काल्पनिक आख्यानात्मक रचना मात्र नभएर यो सिक्किम अञ्चलको इतिहासलाई बोकेको एउटा ऐतिहासिक आञ्चलिकता विशेषता भएको कथा हो। यस कथाकी मूल पात्र कमला कथाको खल पात्र रायसाहब ठिकादार जगत्सिंहद्वारा बलत्कृत भएको प्रसङ्गले तत्कालीन सिक्किम अञ्चलका गरिब अनि निमुखा जनसमूह धनी अनि आफ्नो अधिकारलाई गलत तरिकाले प्रयोग गर्ने काजी-ठिकादार परम्पराबाट शोषित, दमित हुने गरेको मर्मलाई सूत्रात्मक ढङ्गमा प्रस्तुत गरेको छ।

आफनो लेख *समसामायिक नेपाली कथा र सानु लामाका कथामा नारी पात्र*- मा 'कमला' कथाको चर्चा गर्दै सिक्किममा राजाको शासनकालमा रहेको झार्लाङ्गी (बिना रोज काजी-ठेकादारको निम्ति काम गर्नु पर्ने व्यवस्था) कुप्रथाको उल्लेख गर्दै त्यस बेला काजी-ठेकादारको दमन र शोषणमा परेर रैतीहरू बेहाल भएको

चर्चा गरेकी छन्।[78] कथामा माने डाँडा, देवीथान झारलाङ आदि ठाउँहरूमा मानिसहरूले आ-आफ्नो आस्था अनुरूप संस्कार-संस्कृति मनाएको पूजा-अर्चना गर्ने गरेको प्रसङ्ग पाइन्छ, जसलाई आञ्चलिक आस्थाका रूपमा हेर्न सकिन्छ। एउटा सचेत साहित्कारको रूपमा सानु लामाले सिक्किममा लामो समयदेखि विद्यमान रहेको काजी-ठिकादार, मण्डल, कारबारी, कालो-भारी, झारलाङ्गी, कुरूवाजस्ता परम्पराबारे सचेत रूपमा आफ्नो कलम चलाएको नदेखिए तापनि उनको 'कमला' कथाले यी कुप्रथा र दमनकारी व्यवस्थालाई उदाङ्गो पारिदिएको मान्न सकिन्छ।

'खानीटारमा एकदिन' कथालाई पनि आञ्चलिकताको दृष्टिले अध्ययन गर्न सकिन्छ। यस कथाभित्र सिक्किमको पूर्वी अनि दक्षिण अञ्चलका स्थानहरू जस्तै रम्फू, खानीटार, नामथाङ्, गान्तोक, डुगा-बस्ती साथै टिस्टा नदीको उल्लेख पाइन्छ। कथानकलाई अघि बढाउदै प्रसङ्गअनुसार सिक्किमको आञ्चलिक संस्कारगत आस्थाका कुराहरू कथामा अभिव्यक्त भएका छन्। नाङ्लो ठट्टाएर हात्ती लघार्न खोज्ने, मङ्गलबार जन्मेकालाई मङ्गले नाम राख्ने जस्ता आञ्चलिक परम्पराको उल्लेख कथामा पाइन्छ। कथामा नेपाला जातिको संस्कृति बुझाउने खुकुरीको महत्त्व, डाकबङ्गलासित जोडिएको सिक्किमका प्रचलित कुराहरूको उल्लेख पनि कथामा पाइन्छ। प्रचलित उखानहरू पनि कही-कतै समावेश भएका छन्। यस कथामा खानीटारको जङ्गललाई फाँडेर त्यस

[78]पुष्प शर्मा, 'समसामयीक नेपाली कथा र सानु लामाका कथामा नारी पात्र', मोहन पी दाहाल र अन्य (सम्पा), २००१-२००२, *नेपाली जर्नल,* नेपाली विभाग: उत्तर-बङ्ग विश्वविद्यालय, पृ.३५-३७

ठाउँमा माइनिङ्गका नयाँ बिल्डिङ्गहरू निर्माणका निम्ति सर्भे गरिएको प्रसङ्ग पनि पाइन्छ। कथामा व्यक्त-

> *त यहाँ नै पोहोर जेठ महिनाको गर्मीमा म माइनिङ्गका नयाँ बिल्डिङ्गहरूको जग्गाको लागि खानीटारको सर्भे गर्दै थिएँ।*[79]

माथिको उदाहरणबाट उत्खनन् गर्ने ठाउँमा आवश्यक पूर्वाधारको विकासको कुरा स्पष्ट हुन्छ। यस प्रसङ्बाट सिक्किमका ग्रामीण अञ्चल, त्यहाँको प्राकृतिक सुन्दरता, सांस्कृतिक विशेषता सिक्किमको पर्याय बनेर रहेको समृद्ध भूपरिवेश माथि नयाँ संस्कृति, नौलो जीवनशैली हावी भएको विम्ब कथामा पाइन्छ। ग्रामीण अञ्चलमाथि शहरी सभ्यताको अतिक्रमणलाई 'खानीटारमा एकदिन' कथाले व्यक्त गरेको पाइन्छ।

### ४.८.२ मृगतृष्णा कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

मृगतृष्णा सानु लामाको दोस्रो कथासङ्ग्रह हो। यस सङ्ग्रभित्र 'यसरी बित्छ दिन', 'ज्योति बिनाको उज्यालो', 'संयोग', 'घाम-छाँया (१)', 'रम्मीमा सिक्वेन्स-एउटा अनुक्रम', 'घाम-छाँया (२)', 'पैयुँ फुलेको दिन', 'पाहुना', 'तृप्ति' अनि 'मृगतृष्णा' गरेर जम्मा दसवटा कथाहरू छन्। यी कथाहरूमध्ये 'संयोग', 'रम्मीमा सिक्वेन्स्-एउटा अनुक्रम', 'पैयुँ फुलेको दिन' यी चारवटा कथाहरूलाई आञ्चलिक कथा मान्न सकिन्छ। 'संयोग' कथामा मञ्जरी (कान्छी गुरूमा), गौतममणि, आदित्य, विक्रम, दिव्या, प्रतिपाल, मित्रदेव, तिलक, वन्दना, काशी बाजे, नेसुर काका, विजय, मधु, सिद्धार्थ, समृति गुरूमा, बसुन्धरा, हर्षमणि, अभय अनि मनिषी आदि पात्रहरू छन्। माया-प्रेमका प्रसङ्गहरूले प्रशस्तै भरिएको कथा 'संयोग'- मा नागी गाउँ, मखमली बजारजस्ता काल्पनिक ठाउँहरूको सिर्जना गरिएको छ। यस कथाको सन्दर्भमा यस शोधकर्ताले कथाकारसित अन्तरवार्तालिएको र त्यही

---

[79]लामा, 'कथा-सम्पद' पूर्ववत्, पृ.८०

अन्तरवार्तामा कथाकार लामाले यस कथाको पृष्ठभूमिबारे प्रकाश पार्दै कथामा उल्लेख गरिएको स्थाननामहरू काल्पनिक लागे पनि यी ठाउँहरूले सिक्किम अञ्चलका विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व गरेको कुरा बताए। उनी भन्छन्-

*मखमली बजार काल्पनिक नाम दिएर मैले त्यस समयको सिक्किमको पूर्वाञ्चलमा स्थित माखा बजारलाई यस कथामा प्रस्तुत गरेको हुँ।*

कथाले सिक्किमको आञ्चलिक स्वभावलाई प्रस्तुत गरेको पाइए तापनि यसमा क्लास, मोनिटर, म्यानर, क्लिन्लिनेस्, बिउटीफूल, नेचर, क्यन्नट्, फेस् टु फेस्, सेक्रिफाइस्जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ। यसमा ट्यूबल प्लास्टिक माइक्रो सर्जरी, टेस्टट्यूब शिशुजस्ता आधुनिक स्वस्थ्य सुविधासम्बन्धी विषय लिएर सचेत समाजको वर्णन पनि यस कथाभित्र भएको पाउन सकिन्छ। तत्कालीन सिक्किममा प्रचलनमा रहेको रात्रि पाठशाला, गहुँको खेती, खेतीको लागि डडेलो लगाइन्ने चलन, पूर्णिमा पछिको पहिलो शुक्रवारको हाटलाई माइतीहाट भनेर नाम दिने पुरानो मान्यताजस्ता ग्रामीण आञ्चलिक विशेषताको चर्चा यस कथामा भएको पाइन्छ।

'रम्मीमा सिक्वेन्स्-एउटा अनुक्रम' कथा धीरजकी पत्नी लक्ष्मीको मृत्यु भएको घटनाबाट सुरु भएको पाइन्छ। कुनै घरमा मृत्यु भए गाँउका मान्छेहरू राति साथी बसीदिने नेपाली समाजमा धेरै लामो समयदेखि चलिआएको परम्पराको उल्लेख यस कथामा पाइन्छ। कथाका पात्रहरू सावन, धनराज, गोकुल, गोपाल, बलराज आदि रम्मीतास खेल्दै अनि कोही कोही क्यारम खेल्दै धीरजको शोकित परिवारमा रातको समय साथी बसिदिएको वर्णन यस कथामा गरिएको छ। मरौ परेको घरमा लाश रूँगेर रातभरि बस्ने चलन सिक्किम, दार्जिलिङ पहाडमा अद्यावधि रहेको पाइन्छ। यो स्थानीय समाजको विशेषतालाई कथाकार लामाले कथाका माध्यमबाट प्रस्तुत गरेका छन्।

'पैयुँ फुलेको दिन'- कथामा सिक्किमको दक्षिणाञ्चलको आले-डाँडा, आसाङ्थाङ्, सुम्बुक, श्यामपानी पाखा, सालघारी, नाम्ची, जोरथाङ् साथै पूर्व सिक्किमस्थित गान्तोकको उल्लेख भएको पाइन्छ। कथाकार सानु लामाले सिक्किमभित्रका विभिन्न अञ्चल अनि त्यहाँका विशेषताहरूलाई टिपेका छन्। कथाको माध्यमद्वारा सिक्किमका विभिन्न अञ्चलहरूलाई चिनाउने ध्येय उनको कथामा रहेको पाइन्छ। कथाञ्चल विशेषमा बसोबास गर्ने मानिसहरूको जीवनशैलीलाई, रीति-रिवाज, परम्परा, लोकविश्वास आदि आञ्चलिक विशेषताहरू उनका कथाहरूमा वर्णन गरिएको पाइन्छ। कथामा सिक्किमका ठाउँहरू मात्र नभएर खोला-नाला जस्तै टिस्टा, रङ्गीत, मानपूर, आदिबारे विवरण पनि पाइन्छ। यति मात्र नभएर सिक्किमका हिमाल अनि पहाड-पर्वत जस्तै कञ्चनजंघा, टेन्डोङ आदिको उल्लेख पनि भएको पाइन्छ। वन-भात खाने चलन, सिन्की-गुन्द्रुक आदि लोक खाद्य सामग्री, पहुना आएपछि बस्तीको कुखुरा मारेर दिने चलन आदि जस्ता स्थानीय विशेषता बोकेको परम्परा र खान्कीको वर्णन पनि यस कथामा भएको पाइन्छ। कथाका पात्र गोपाल, रघु छेत्री, संध्या, गोपालका आमा-बाबा, बम्जन काका, पुष्पा गुरूमा, सिस्टर कुमारी आदिमा आञ्चलिक स्वभाव पाइन्छ। यस कथामा दक्षिणाञ्चलका नेपालीहरूको जीवनशैली, मनोभाव, अनि गतिविधिलाई प्रकाश पार्ने कार्य भएको पाइन्छ। कथाका मूल पात्र गोपालले माध्यमिक शिक्षा सिध्याएपछि सरकारी नोकरी नगरेर खेती-पातीलाई आफ्नो व्यवसायको रूपमा अप्नाएको प्रसङ्गले त्यसबेलाको सिक्किममा खेती-पाती गर्ने व्यवसायलाई आदर दृष्टि राख्ने विषयलाई उद्घाटित गरेको छ। गोपालले एकजना थापा केटालाई पनि जीवन धान्ने अवसर प्रदान गरेको दृष्टान्तले सिक्किमको परोपकारी स्वभावलाई देखाएको छ। कथाको यस प्रसङ्गले सिक्किम अञ्चलभित्र जैविक खेतीको भविष्य लाभदायी अनि समय सान्दर्भिक हुने कुरातर्फ सङ्केत गरेको छ।

कथाले सिक्किमको दक्षिणाञ्चलको समाजलाई, त्यहाँको जीवनशैलीलाई अभिव्यक्त गरेको छ। सानु लामाको यस कथामा पनि प्राकृतिक परिवेश, लोकआस्था र सांस्कृतिक

परम्परा, जीवनशैली तथा सामाजिक चलन आदिको घना प्रस्तुति पाइन्छ, जसले यहाँको आञ्चलिक व्यवस्था, स्वभाव र मूल्य-मान्यतालाई सफलताका साथ प्रस्तुत गरेको छ।

### ४.८.३ सूर्यको तेस्रो किरणका कथासङ्ग्रहका कथाहरूमा आञ्चलिकता

सन् २००८ मा प्रकाशित उनको *सूर्यको तेस्रो किरण*- कथासङ्ग्रहभित्र जम्मा बाह्रवटा कथा अनि एउटा निबन्ध समावेश गरिएको छ। सङ्ग्रहका कथाहरू 'बिहान हुन नसकेको रात', 'साइनो', 'टी शर्ट', 'रेशी बगिरहेछ', 'समर्पण', 'सात भाइकी चेली', 'म भगवान् भएँ', 'सूर्यको तेस्रो किरण', 'पेन्सन तकमा र गाडी', 'सन्तोषको सुख', 'छुँदै जाने सम्झनाहरू', 'केही आफ्नो केही अरुको' आदि हुन् भने 'सिक्किममा नेपाली साहित्यको गतिविधि' चाहिँ निबन्ध हो। उनको यी कथाहरूमध्ये 'बिहान हुन नसकेको रात', 'समर्पण', 'सात भाइकी चेली', 'छुँदै जाने सम्झनाहरू', 'केही आफ्नो केही अरूको' यी पाँचवटा कथाहरूलाई आञ्चलिकताको दृष्टिकोणबाट अध्ययन गरी समावेश गरिएको छ।

'बिहान हुन नसकेको रात'- प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको कथा हो। यस कथामा बिहान हिँड्न वा मर्निङ वक् गर्न निस्केका बाबु अनि छोरीको भावनात्मक बातचितको प्रसङ्गको उल्लेख गरिएको पाइन्छ। कथामा सिक्किमको पूर्वाञ्चलका स्थानहरू जस्तै- गान्तोक, तिब्बत रोड, टाशी नामग्याल एकाडेमी, इन्चे गुम्बा, रीज-डाँडा आदि ठाउँहरूको वर्णन पाइन्छ। 'विहान हुन नसकेको रात' कथाले पनि आञ्चलिक ऐतिहासिक विशेषता बोकेको छ। पूर्व सिक्किमको गान्तोक क्षेत्रका वरिपरि रहेका यी स्थानहरूको प्राकृतिक सौन्दर्य, अवस्थिति अनि त्यहाँका दैनन्दिन दिनचर्यालाई कथाले प्रस्तुत गरेको छ। चीनले तिब्बतमाथि आधिपत्य जमाएपछि बिस्थापित भएर सिक्किमतर्फ आएका तिब्बती शरणार्थीहरूको दयनीय अवस्था अनि ऐतिहासिक घटनाको प्रसङ्ग यस कथामा पाइन्छ। कथामा तिब्बतका पाटाला, लिङखोर, नर्बू लिङ्गाजस्ता ठाउँहरूको

उल्लेख पनि भएको छ। यसका साथै तिब्बती डुङजा समारोह, सेरा र ड्रेपुँग तिब्बती गुम्बा साथै किचू नदीको वर्णन पनि गरिएको पाइन्छ। यस कथाले सिक्किम अनि यससित टाँसिएको तिब्बती अञ्चलको प्रकृति, इतिहास र जीवनशैली सशक्त रूपमा प्रस्तुत गरेको मान्न सकिन्छ। कथाले सिक्किम अनि तिब्बतको ऐतिहासिक, राजनैतिक अनि सांस्कृतिक सम्बन्ध र सिक्किमको आञ्चलिक ऐतिहासिक परम्परालाई प्रकाश पार्ने काम गरेको छ।

'सात भाइकी चेली'- कथामा सिक्किमको पूर्वाञ्चलमा रहेको कैंजले, रिनाक, रंगेलीमा नेपालीहरूले त्यहाँको जङ्गललाई फाँडेर खेती-पाती गरेको अनि गाउँ बसालेको वर्णन प्रस्तुत छ। नेपालीहरूले बनाएको खेतबारी, सुन्तला बगान लगाएको, धान-मकै फलाएको, कोदो रोपेको, अलैंची लगाएको ऐतिहासिक प्रसङ्ग यस कथाभित्र रहेको पाइन्छ। कालान्तरमा यी ठाउँहरूमा नेपालीहरूको बाक्लो उपस्थिति रहेको, गाउँको निर्माण पछि विविध सामाजिक, सांस्कृतिक एवम् धार्मिक आस्था र सभ्यताको विकास भएको आञ्चलिक इतिहास यस कथामा प्रस्तुत छ। सिक्किमेली नेपाली समाजमा पनि जात-पातको भेद लामो समयसम्म विद्यमान रहेको परम्परा छ। यस कथाका पात्र मन्हाङ्ग सावादेनको परिवारका एक जना छोराले छेत्रीकी छोरीलाई बिवाह गरेर ल्याएको विवरण यस कथामा पाइन्छ। छेत्रीकी छोरी सुब्बासित विवाह भएपछि सातजना दाज्यूहरूले आफ्नी चेलीलाई मरेतुल्य ठानेको प्रसङ्गबाट समाजको वर्ण व्यवस्था प्रस्तुत भएको छ। समाजमा विद्यमान जात-पात र छुवा-छुतको कुप्रथालाई कथामा वर्णित निम्न पंक्तिले औंल्याएको छ-

*तेरो बिहे आफ्नो जातको, पढेको, धनीसित धुमधामसित गरिदिने थिए 'रे, तैंले तिनीहरूको अनुहारमा मोसो दलिदिइस्* 'रे।[80] वास्तवमा जातिगत विभेद छुवाछुत

---

[80]लामा, सन् २००८, *सूर्यको तेस्रो किरण,* गान्तोक: जनपक्ष प्रकाशन, पृ.४९

आदि सिक्किमको आञ्चलिक समस्या मात्र होइन तथापि सिक्किम जस्तो जातीय, धार्मिक अनि सांकृतिक विविधता रहेको समाजमा समेत यस किसिमको सोच र मनोविज्ञान रहनु एउटा विडम्बना नै हो। यही विडम्बनाको आञ्चलिक कटुसत्यलाई कथाकारले सचेतरूपमा प्रस्तुत गरेको मान्न सकिन्छ। एउटा सामाजिक समस्याका रूपमा रहेको यस्तो रूढ प्रथा अघिको सिक्किमेली समाजमा रहरेको कुरालाई कथाले देखाएको छ। कथामा सिउँदो लामो हुनेको विवाह टाडाको व्यक्तिसित हुन्छ भन्ने लोकविश्वास, भगवान्लाई साक्षी राखेर विवाह गर्ने सांस्कृतिक परम्पराको अभिव्यक्ति अनि चेलीबिनाको माइती मुकुट बिनाको राजाजस्तै हो भन्ने लोकोक्तिको प्रयोग पनि गरिएको पाइन्छ।

'छुँदै जाने सम्झनाहरू'- कथालाई कथाकार आफै ऐतिहासिक महत्त्व भएको कथा मानेका छन्। उनको यो कथा एउटा कथा मात्र नभएर सन् १९६० को दशकतिर सिक्किमको पूर्वाञ्चल क्षेत्रमा भएको साहित्यिक एवम् ऐतिहासिक गतिविधिलाई प्रकाशमा ल्याउने एउटा ऐतिहासिक आख्यान पनि हो। कथाले सिक्किमको पूर्वाञ्चलमा चलेको साहित्यिक अनि सांस्कृतिक आन्दोलनलाई प्रकाशमा ल्याएको छ। कथाको मुख्य पात्रको रूपमा कथाकार स्वयं रहेका छन्। पूर्व सिक्किमको गान्तोकमा भानु जयन्ती बडो धुमधामले मनाउने विषयको वर्णनसितै कथाको सुरुवात भएको पाइन्छ। सन् १९६० को दशकमा सिङतामको फल संरक्षण कारखाना निर्माण गर्न, पाबोङदेखि तिमितार्कू हुँदै राभाङला जाने सडक निर्माणका लागि सर्वेक्षण गर्न र सिङतामदेखि माखासम्म जाने सडकको मरम्मती र रखरखाउ गर्ने कार्यका लागि एकजना अभियन्ताका रूपमा सानु लामाको नियुक्ति भएको उल्लेख कथामा पाइन्छ। कथामा वर्णित यी कुराहरूले सिक्किम भौतिक पूर्वाधारको विकासको कार्य सन् १९६० को दशकतिर जोड-तोडले भएको इतिहास विषय जानकारी गराउँछ। त्यस समय सिक्किमका सडकहरूमा कुद्ने स्टेसन वेगन गाडीको उल्लेख यस कथामा भएको पाइन्छ। सरसर्ती पढ्दा ऐतिहासिक कथा

जस्तो लाग्ने यस कथामा ऐतिहासिक पक्ष बाहेक अन्य धेरै पक्षहरूलाई प्रकाशमा ल्याएको छ। तत्कालीन सिक्किमको अवस्था, समाज अनि आञ्चलिक अवस्थिति र कठिनाईहरूलाई कथाले प्रस्तुत गरेको पाइन्छ। सिक्किमको एकाधिक पक्षको वर्णनमा नै केन्द्रित रहेकाले यस कथालाई आञ्चलिक कथा लेखनको परिधिभित्र राखेर आध्ययन गर्न सकिन्छ। यस कथामा गान्तोक, साङखोला, रानीपुल, रम्फू, पाबोङ, तिमितार्कू, सिङताम, सिरवानी, पातुक, सिंगबेल, बेन बस्ती, सिङचुथाङ, निया, सताम, याङगाङ-राङगाङ, डिपू डाँडा, ब्रूम, टोकल, बर्मेक, साथै टिस्टा नदी, अलैंची खोला, अनि गान्तोकस्थित ठाकुरबाडी, व्हाइट हल, रानीपुलस्थित घट्टे स्कूल, आदि सिक्किमका पूर्व अनि दक्षिण अञ्चलका स्थान, नदी-नाला तथा गाउँहरूको उल्लेख पाइन्छ। कुनै पनि राज्य, भौगोलिक क्षेत्र वा अञ्चल विशेषका ठाउँहरूको नामलाई, स्थानीय बोली, भाषा र भाकामा प्रस्तुत गर्नु पनि आञ्चलिक लेखनको एउटा विशेषता मान्न सकिन्छ। सानु लामाका प्रायजसो कथाहरूमा सिक्किम अञ्चलका स्थान, खोला-नाला, पहाड-पर्वत, पाखा-पखेरा, हिमाल अनि पोखरीहरूको नामलाई स्थानीय बोली अनुरूप प्रस्तुत गरिएका छन्। यस किसिमको प्रस्तुतिले कथामा वर्णित अञ्चल विशेषको चिनारी, इतिहास र लोक सांस्कृतिक स्मृतिलाई बचाइ राख्ने कार्य गर्दछ। आञ्चलिकताको धारणाले यस किसिमको अभिव्यक्तिलाई पनि प्रमुखता दिएको पाइन्छ। यस दृष्टिले पनि लामाका कथाहरू अनि विशेष गरेर ‘छुँदै जाने सम्झनाहरू’ कथालाई सफल आञ्चलिक कथा मान्न सकिन्छ। महत्त्वपूर्ण ऐतिहासिक विशेषताहरूलाई समावेश गरेर लेखिएको हुनाले उनको ‘छुँदै जाने सम्झनाहरू’ कथालाई आञ्चलिक ऐतिहासिक महत्त्व भएको मान्न सकिन्छ।

*सूर्यको तेस्रो किरण* कथासङ्ग्रहको अन्तिम कथा ‘केही आफ्नो केही अरूको’ कथालाई पनि आञ्चलिक कथा मान्न सकिन्छ। सिक्किमको पूर्वाञ्चल गान्तोक अनि वरिपरिका ठाउँहरूमा देखा परेका भौतिक परिवर्तन कथाको मूल विषय रहेको छ।

गान्तोकमा आएको भौतिक परिवर्तनले त्यस अञ्चल विशेषको आञ्चलिक विशेषताहरूलाई नाश पारेको सन्दर्भ कथामा उल्लेख गरिएको पाइन्छ। कथाकार एक ठाउँ लेख्छन्-

> *"गान्तोक नपत्याइसक्नु किसिमले बढेर गएको छ, अझ बढ्दैछ। पहिलेका आँखा अघि झल्झली आउने निशानीहरू एक-एक गरेर लोप भइरहेछ।"*[81]

कसरी आधुनिक सभ्यता र विकासले कुनै अञ्चलको जैविक अनि सांस्कृतिक अस्तित्त्वलाई निमिटयान्न पारिदिन्छ भन्ने कुराको अभिव्यक्ति यस कथामा पाइन्छ। आञ्चलिक लेखनको आशय कुनै अञ्चल विशेषको विविध पक्षलाई प्रस्तुत गर्नु मात्र होइन तर कसरी कुनै अञ्चलको आञ्चलिक विशेषता, इतिहास, सांस्कृतिक अनि भौतिक संरचना परिवर्तन भएर जान्छ, कसरी अघिका आञ्चलिक मान्यता र आस्था विलुप्त भएर गए भन्ने कुराहरू पनि यसमा अभिव्यक्त भएको हुनसक्छ। यस दृष्टिमा 'केही आफ्नो केही अरूको' कथा एउटा सफल आञ्चलिक कथा हो भन्न सकिन्छ। चापँको रूख, उतिस घारीका रूखहरू काटेर शहर निर्माण कार्य बढ्दै गएको कुराले सिक्किमको आञ्चलिक विशेषता मेटिन्दै गएकोमा कथाकार विराशा र शोक प्रकट गर्छन्। सिक्किममा भाषा-साहित्यको विकासको परम्परालाई पनि यस कथाले प्रकाशमा ल्याएको पाइन्छ। सन् १९८१ सालमा विश्वभरिमा भानुभक्तको पहिलो पूर्णाङ्ग सालिगको अनावरण सिक्किममा नै भएको ऐतिहासिक घटनाको उल्लेख पनि यस कथामा गरिएको पाइन्छ। कथामा अङ्ग्रेजहरूले सिक्किममा बस्नलाई बनाएका डाक बङ्गलाहरू अनि व्हाईट् हलको प्रसङ्ग पाइन्छ भने सन् १९२० को दशक यता व्हाईट् हलको चौकीदारी गर्ने खिका बाजे, दुखितको पान दोकान, तीन-सय तेतीस वर्ष सिक्किममा शासन गरेका बाह्रजना छोगेलहरूको ऐतिहासिक वर्णनले यस कथालाई आञ्चलिक ऐतिहासिकता बोकेको सफल सिर्जना बनाएको पाइन्छ।

---

[81] लामा, 'सूर्यको तेस्रो किरण', पूर्ववत्, पृ.९५

माथि वर्णन गरिएका लामाका कथाहरू सिक्किम अञ्चलभित्र केन्द्रित रहेको पाइन्छ। यहाँका निम्नवर्गीय साथै मध्यमवर्गीय नेपाली समाजको जीवनशैली, सामाजिक व्यवस्था, रीति-रिवाज, इतिहास, सांस्कृतिक पक्ष, अनि खोला-नाला, पहाड-पर्वत, हिमाल आदि आञ्चलिक विशेषताहरूलाई समेटेर उनका कथा रचिएको पाइन्छ।

# पाँचौं अध्याय

## ५. उपसंहार अनि निष्कर्ष

सन् १९२७ मा रूपनारायण सिंहको 'अन्नपूर्णा' कथाको प्रकाशनपछि आधुनिक नेपाली कथा लेखनको परम्परा सुरु भएको मानिन्छ। कथाले आधुनिकतामा पाइला टेकेपछि विभिन्न प्रवृत्तिहरू जस्तै- रोमान्टिक, सामाजिक, सामाजिक यथार्थवाद, मनोवैज्ञानिक, अस्तित्त्ववाद देखा पर्यो। यसर्थ कथामा धेरै प्रयोग अनि नौलो प्रविधि पनि देखा गएको देखिन्छ। कथा लेखनका यस्ता प्रवृत्तिमध्ये आञ्चलिकता पनि एउटा हो, जसको प्रयोग केही नेपाली कथाकारहरूले गरेका छन्। भारतबाटभन्दा नेपालबाट धेरै सफल आञ्चलिक कथाहरू लेखिएको पाइन्छ। कथामाभन्दा उपन्यास विधामा आञ्चलिक लेखन प्रखर देखिएको छ।

भारतबाट आञ्चलिकतालाई समातेर उपन्यास लेख्ने सफल सर्जक लिलबहादुर छेत्री हुन्। कथाका सन्दर्भमा भने रूपनारायण सिंह देखि नै कुनै न कुनै रूपमा आञ्चलिकताको सन्दर्भ अभिव्यक्त भएको पाइए तापनि पूर्णरूपले आञ्चलिकताको धारणालाई पक्रेर कथा लेख्ने कथाकारहरू विरलै देखिएका छन्। भारतीय नेपाली कथाकारहरूमध्ये राम्रा आञ्चलिक कथा लेख्ने कथाकार हुन् सानु लामा। कथामा आञ्चलिकता भन्नाले कुनै पनि अञ्चल विशेषको भौगोलिक विशेषता, सांस्कृतिक महत्व, लोक-विश्वास, इतिहास, रीति-रिवाज, बोली, भेष-भूषा आदि विशेषताहरूको समावेश हुनु भन्ने बुझिन्छ। आञ्चलिकतालाई कथामा हेर्ने परम्परा आधुनिक नेपाली साहित्यमा विकास भइरहेको नवीन प्रवृत्ति रहेको देखिन्छ। आञ्चलिकताको सिद्धान्तका आधारमा हेर्दा हालमा आएर आञ्चलिक प्रवृत्तिका कथा धेरै लेखिएको साथै प्रकाशित भएको पाइन्छ। सन् १९५७ सालमा पहिलो कथा

'चङ्गा' लेखेर कथाकार सानु लामाले कथा लेखन सुरु गरेको मानिन्छ।[82] सिक्किम सरकार अन्तर्गत ग्राम-विकास विभागमा लामो समयसम्म कार्यरत रहेको हुँदा उनको धेरै समय गाउँका मानिसहरूसित बितेको पाइन्छ। सिक्किमका विभिन्न ठाउँहरू जस्तै सिङ्ताम, माखा, याङगाङ, तिमी, तार्कु, बेन्-बस्ती, नाम्ची, आसाङ्थाङ्, सुम्बुक र यस अञ्चलहरूमा बसोबास गर्ने मानिसहरूको जीवनशैली, विश्वास, मनोभाव, रीति-रिवाज, आर्थिक अवस्था, इतिहास, सङ्घर्ष आदि पक्षहरूलाई उनले राम्ररी चिनेका थिए। त्यसैले उनको कथाहरूमा यी कुराहरू सजीवताका साथ अभिव्यक्त भएको पाइन्छ। आञ्चलिकताका सिद्धान्तलाई अघिबाटै बुझेर, अध्ययन गरेर आञ्चलिक कथा लेखेको होइन भन्ने कथाकार सानु लामा आफ्ना केही कथाहरू आञ्चलिक रहेको मान्छन्।

आञ्चलिक परम्परालाई हेर्दा आञ्चलिक लेखन ग्रामीण अञ्चलसित सम्बन्धित रहेको लेखन प्रवृत्तिका रूपमा देखापर्छ। ग्रामीण अञ्चल अनि त्यससित सम्बन्धित रीति-रिवाज, धर्म, विश्वास, लोकपरम्परा, संस्कृति, इतिहास, बोली आदिको समावेश गरेर लेखिएका सिर्जना सही रूपमा आञ्चलिक लेखनअन्तर्गत पर्छन भन्ने मत धेरै विद्वान्हरूको रहेको पाइन्छ। यद्यपि आजको कतिपय आलोचकहरूले नागर अञ्चलको जीवनशैली, सामाजिक व्यवस्था, संस्कृति आदिलाई पनि आञ्चलिकताको अवधारणा अनुरूप अध्ययन गर्न सकिने विचार प्रस्तुत गरेको पाइन्छ। सानु लामाका कथाहरूमा ग्रामीण अनि नागर अञ्चलको आञ्चलिक पक्षहरूलाई प्रकाश पारिएको देखिन्छ। सानु लामाका प्रायः सबै कथाहरू सिक्किम अञ्चलभित्र केन्द्रित रहेको पाइन्छ। यहाँका निम्नवर्गीय साथै मध्यमवर्गीय समाजको जीवनशैली, खोला-नाला, प्रकृति साथै प्राकृतिक सुन्दरता, रीति-रिवाज, धर्म, संस्कृति, लोकविश्वास अनि ऐतिहासिक पक्ष आदि आञ्चलिक विशेषताहरूको उल्लेख उनको कथाहरूमा गरिएको पाइन्छ। उनको कथाकारिताले सिक्किमको समाजलाई राम्ररी

[82]कल्पना त्रिपाठी, सन् २०१६, *सानु लामाका कथामा समाज,* विनायक प्रकाशन, पृ.३

गोचर गरेको छ। स्थानीय जात-जाति जस्तै लेप्चा, भोटिया अनि नेपाली समुदायभित्र पर्ने खस, किरात, तामाङ, मगर, गुरूङ, नेवार, कामी-दमाई अनि सांस्कृतिक एवम् धार्मिक आस्थालाई उनका कथाहरूले अभिव्यक्त गरेका छन्। लोकले बचाइ राखेको सामाजिक रीति-थीति, नियम-कानुन, मूल्य अनि मान्यताहरूलाई उनका कथाले प्रस्तुत गरेको छ, ती धारणाहरूको सम्मान पनि गरेको छ। उनका केही कथाहरू काल्पनिक छन् तर धेरैजसो कथाहरु भने काल्पनिक र उपदेशमूलक नरहेर सिक्किम राज्यका विभिन्न अञ्चलहरूका विविध पक्ष र विशेषताहरूलाई यथार्थ दृष्टिकोण राखेर लेखिएका छन्। यी बाहेक सिक्किम राजशासन हुँदा अनि सन् १९७५ मा भारतसित विलय भएर प्रजातान्त्रिक व्यवस्था लागु भए पश्चात देखिएका सामाजिक व्यवस्था अनि राजनैतिक परिवेशको प्रत्यक्ष-परोक्ष चर्चा पनि उनका कथाहरूमा भएको पाइन्छ। सामाजिक न्यायको अभाव रहेको सिक्किमका गाउँले निम्नवर्गीय मानिसहरूले भोग्नु परेको गरिबी, यातना अनि शोषण र लैङ्गिक असमानता र विभेदका कारण नारीहरूले भोग्नु परेको दमन, बलात्कार र अमानवीय नीच व्यवहारका कुराहरू पनि कथामा रहेका छन्। सिक्किम अञ्चलको ऐतिहासिक विवरण अनि प्राकृतिक परिवेशको वास्तविक नक्सा लामाका कथामा सजीवताका साथ उत्रिएको पाइन्छ। माथि उल्लेख भएका सबै पक्षहरूलाई नियाल्दा सानु लामालाई आञ्चलिक कथाकारका रूपमा रहेको देखिन्छ।

कथाकार लामाले अन्तरवार्ताको क्रममा भने अनुसार निश्चय नै उनले आञ्चलिकताको धारणालाई पढेर, बुझेर कथा लेखेका होइनन्, तर कुनै अञ्चलको विविध पक्षलाई सूक्ष्म रूपले हेर्ने, त्यसलाई सजीवताका साथ वर्णन गर्ने कथा धर्मिता सानु लामासित भएकै कारण उनी एकजना राम्रा अनि सफल आञ्चलिक कथाकार बनेका छन्। यस शोध प्रबन्धमा अध्ययन विश्लेषण गरिएका कथाहरूको विषय अनि प्रस्तुतिलाई हेर्दा सानु लामालाई एकजना सफल आञ्चलिक कथावाचक भन्न नसकिने तर्क दिन गाह्रो

देखिनेछ। लामालाई भारतीय नेपाली कथाकारहरूमध्ये एकजना सफल आञ्चलिक कथाकार मान्न सकिन्छ।

# सन्दर्भ ग्रन्थ सूची

## नेपाली


छेत्री, कुशल, सन् २०१६, *बौद्ध दर्शनका सन्दर्भमा सानु लामाका कथाहरू,* गान्तोक: जनपक्ष प्रकाशन।

पौड्याल, कृष्णविलास, सन् २००८, *आधुनिक नेपाली आख्यान र नाटक,* काठमाडौं: नवीन प्रकाशन।

दाहाल, राजकुमारी, सन् २०११, *नेपाली आञ्चलिक उपन्यास,* सिलगढी: राजकुमारी दाहाल प्रकाशन।

दाहाल, विद्यापति, सन् २०१४, *भारतीय नेपाली साहित्यको इतिहास,* मैसुर: सि.आइ.आइ.एल.।

नेपाल, खेमराज, सन् २००३, *नेपाली लोक साहित्यको रूपरेखा,* दिल्ली: जीवन अफसेट प्रेस।

नेपाल, घनश्याम, सन् १९९८, *कथा सागर,* गान्तोक : जनपक्ष प्रकाशन।

......., ..........., सन् २००५, *आख्यानका कुरा,* सिलगढी: एकता बुक हाउस प्रा.लि.।

......., ..........., सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी: एकता बुक हाउस।

पौड्याल, कृष्णविलास, सन् २००८, *आधुनिक नेपाली आख्यान र नाटक,* काठमाडौं: नवीन प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम, सन् २००९, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर: साझा प्रकाशन।

बराल, ऋषिराज सन् १९८५, *वृहत समालोचना,* सिक्किमः गान्तोक प्रकाशन।

बराल, ईश्वर, सन् १९९८. *नेपाली साहित्य र साहित्यकार* : सिक्किम, निर्माण प्रकाशन्।

बराल, ऋषिराज, सन् २००७, *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन।

राई, असीत, सन् २००४, *भारतीय नेपाली साहित्यको इतिहास,* दार्जिलिङः साझा पुस्तक पसल।

राई, इन्द्रबहादुर, सन् १९९३, *नेपाली उपन्यासका आधारहरू,* काठमाडौंः साझा प्रकाशन।

राई, हाईमनदास, सन् २०१०, *बिनायो,* दार्जिलिङ : कथार्थ, 'उत्तरे' गोरूबथान, फागु।

राकेश, रामदयाल, सन् १९९८, *नेपाली साहित्यः विभिन्न आयाम,* काठमाडौंः साझा प्रकाशन ।

लामा, सानु, सन् १९९०, *मृगतृष्णा,* सिक्किमः के. आर. ईन्टरप्राइजेस्।

...., ........, सन् १९९५, *कथा-सम्पद,* सिक्किमः के. आर. ईन्टरप्राइजेस्।

......, ......, सन् २००८, *सूर्यको तेस्रो किरण,* गान्तोकः जनपक्ष प्रकाशन।

वाङ्दी, रिन्जी इडेन, सन् २०१८, *'फ्रण्टियर' का कथाकार शिवकुमार राई,* दार्जिलिङः विजय कमल प्रधान।

शर्मा, चन्द्र, सन् १९९८, *अगमसिंह गिरी रचनावली (ग्रन्थ २),* सिक्किमः निर्माण प्रकाशन।

श्रेष्ठ, अविनाश, सन् २००७, *आधुनिक भारतीय नेपाली कथा,* ललितपुरः साझा प्रकाशन।

श्रेष्ठ, दिल, सन् २००१, *आञ्चलिकता अनि नेपाली केही उपन्यासहरू*, दार्जिलिङः श्याम प्रकाशन।

क्षेत्री, जगत, सन् १९९२, *नेपाली साहित्यको संक्षिप्त इतिहास,* दार्जिलिङः श्याम प्रकाशन।

त्रिपाठी, कल्पना, सन् २०१६, *सानु लामाका कथामा समाज,* सिलगढी: विनायक प्रकाशन।

**धर्मग्रन्थ**

*पवित्र बाइबल,* बेङ्गलोरः द बाइबल सोसाइटी अफ् इण्डिया।

**हिन्दी**

कडवेको, ह. क., सन् १९७८, *हिन्दी उपन्यासों में आञ्चलिकता की प्रवृत्ति,* कानपुर : अन्नपूर्ण प्रकाशन।

जैन, नगिना, सन् १९७६, *आञ्चलिकता और हिन्दी उपन्यास,* नई दिल्ली: अक्षर प्रकाशन।

पाण्डेय, इन्द्रप्रकाश, सन् १९७९, *हिन्दी के आँञ्चलिक उपन्यासों में जीवन-सत्य,* नयी दिल्ली: नेशनल पब्लीसिङ हाउस।

बन्दोपाध्याय, श्रीकुमार, सन् १९८८, *बङ्ग साहित्येर उपन्यासे धारा,* कलकत्ता: मर्डन बुक एजेन्स प्रा. लि.।

यादव, रामपत, सन् १९८०, *उपन्यासका आञ्चलिक वातायण,* राजस्थान: चिन्ता प्रकाशन।

सिंह, राजकुमारी, सन् १९८८, *हिन्दी तथा अंग्रेदी के आँञ्चलिक उपन्यासोंका तुलनात्मक अध्ययन,* कानपुर: अन्नपूर्णा प्रकाशन।

सिंह, कुमारी अंजुलता, सन् २००९, *हिंदी के आंचलिक उपन्यासों के परिप्रेक्ष्य में फणीश्वरनाथ 'रेणु' का विशेष अध्ययन,* दिल्ली: अंकुर प्रकाशन।

सिंहल, शशीभूषण, सन् १९७०, *हिन्दी उपन्यास की प्रवृत्तियाँ,* मागरा: विनोद पुस्कर मन्दिर।

सिंह, जवाहार, सन् १९८६, *हिन्दी के आञ्चलिक उपन्यासों के शिल्प विधि,* नई दिल्ली: नेशनल पब्लीसिङ हाउस।

**शब्दकोश**

अधिकारी, हेमाङ्गराज र अन्य, सन् २०१३. *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं: विद्यार्थी प्रकाशन प्रा. लि।

पोखरेल, बालकृष्ण, सन् १९८३ (सम्पा), *नेपाली बृहत् शब्दकोष,* काठमाडौं: ने. रा. प्र. प्र.।

**अङ्ग्रेजी**

जोसेफ, फिलिप, सन् २००६, *अमेरिकन लिटेरेरी रिजनलिज्म इन ए ग्लोबल एज,* लुइजियाना: लुइजियाना स्टेट युनिभर्सिटि प्रेस।

फेटर्ले, जुडित अनि प्रिसी, मार्जोरी, सन् २००३, *राइटिङ् आउट् अफ् द प्लेस् : रिजनलिजम्, विमेन् एन्ड एमेरिकन् लिटेरेरी कल्चर,* अमेरिका, यूनिभर्सीटि अफ् इलिनोयस् प्रेस् ।

**पत्र-पत्रिका**

कार्की, नवराज, अनि पराजुली गोपाल (सम्पा), सन् २००५, *गरीमा,* वर्षः २३, अङ्कः १२, काठमाडौं: साझा प्रकाशन।

छेत्री, उदय (सम्पा), सन् १०१८, *अकादमी जर्नल,* वर्षः १४, अङ्कः ०७, सिक्किम: सिक्किम अकादमी प्रकाशन।

दाहाल, मोहन पी, अनि नरेशचन्द्र खाती (सम्पा), सन् २००१-२००२. *नेपाली जर्नल,* वर्षः ०१, अङ्कः ०१, नेपाली विभाग: उत्तर बङ्ग विश्वविद्यालय ।

नेपाल, घनश्याम (सम्पा), सन् २०१०, *अभिज्ञान,* वर्षः ०१, अङ्कः ०१, नेपाली विभाग: उत्तर बङ्ग विश्वविद्यालय।

पराजुली, पुष्कर (सम्पा), सन् २०११, *अभिज्ञान,* वर्षः ०२, अङ्कः ०२, नेपाली विभाग: उत्तर बङ्ग विश्वविद्यालय।

पौड्याल, महानन्द (सम्पा), सन् २००८, *सन्धान,* वर्षः ०४, अङ्कः ०४, सिक्किम: सन्धान प्रकाशन।

प्रधान, शैलेश (सम्पा), सन् २०१०, *चाँपगुराँस,* सुम्बुकः चाँपगुराँस प्रकाशन।

लिम्बू, योगेश (सम्पा), सन् २०१९, *सिल्लरी,* कालेबुङः उपमा प्रकाशन।

**शोधप्रबन्ध**

पी. एल., अनिथा, सन् २००७, समकालीन हिन्दी उपन्यास में आंचलिकता के विविध आयाम, कोचीन: युनिभर्सीटि अफ् साइन्स् एण्ड टेकनोलोजी, विद्यावारिधी शोधप्रबन्ध।

## वेब सर्च


https://samakaleensahitya.blogspot.com/2018/06/blogpost_27.html.01.04pm.15/07/2019

https://samakalinsahitya.com/index:php?show=detail&art_id=6019.01.00pm.03/08/2019

## परिशिष्ट १

# कथाकार पद्मश्री सानु लामासित उहाँको कथा र कथाकारिताबारे लिएको अन्तरवार्ता

मिति :१७/१०/२०१९

०१. सङ्क्षिप्तमा तपाईंको बाल्यकाल, शिक्षा सम्बन्धी केही भनीदिनु हुन्छ कि।

जून 15, 1939 मा जन्म लिएर यहीं विकास क्षेत्रमा मेरो बाल्यकाल बित्यो। साधारण प्रकारले बित्यो जीवनको त्यो परण। स्कूल भर्ना भएको दिन याद छ मलाई। दोस्रो महा युद्धको समय। सड़कमा फौजका लोरीहरू कुदिरहेका – त्यो दृश्य अहिले पनि आउँछ आँखा अघि। अहिले ठूला ठूला भवनहरू तथा घरहरूले ओगटेका विकास क्षेत्रमा (त्यस समय यसलाई पायोनियर रिजर्भ अथवा रिजाप बस्ती भनिन्थ्यो) खेल्नका लागि हामीलाई प्रशस्त खुला ठाउँ थियो। गाउँका साथीहरूसित मिलेर रेसेलु टिप्ने, बन-भात खाने आदि दैनिक कार्यक्रम। "यसरी बित्छ दिन" लेखमा मैले बाल्यकालबारे लेखेको छु।

सर् टाशी नामग्याल हाई स्कूल (अहिलेको टाशी नामग्याल एकाडेमी) बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि सिक्किम सरकारले लाइसेन्सियट सिविल इन्जिनियरिङ पढ्न पश्चिम बंगालको बर्द्धमानमा पठाए जहाँबाट एल्. सी. ई. गरेर सन् 1959 मा सरकारी नोकरीमा लागें अनि अड़तीस वर्षपछि मुख्य अभियन्ताको पदबाट सन् 1997 मा सेवा निवृत्त भएँ।

०२. यहाँले साहित्य लेखन कुन विधाबाट शुरू गर्नुभएको हो ? कहिले ?

स्कूलको वार्षिक पत्रिकामा कथा, निबन्ध आदिलाई छोडेर मैले साहित्य लेखन कथाबाट शुरु गरें।

०३. यहाँको पहिलो कथा कुन हो अनि कहिले प्रकाशित भएको थियो ?

कालेबुङबाट प्रकाशित भएको (नाम बिर्सें) एउटा पत्रिकामा 'चङ्गा' शीर्षक दिइएको कथा (1957 मा होला) छापिएको थियो।

०४. तपाईंले सिक्किम अञ्चलभित्रका निम्नवर्गीय मान्छेहरूलाई नै प्रायः कथाको पात्र बनाएर कथा लेख्नुको खास कारण के हो ?

: नौकरीको सिलसिलामा ग्राम विकास अभियान अन्तर्गत मेरो उठबस प्रायः ग्रामीण जन जिवनसित भयो। यसैको प्रभाव परेर होला मेरा धेरजसो छोटो कथाहरू ग्रामीण जनजीवनमाथि आधारित छन्। मेरा थी कथा कृतिहरूमा बाहिर-भित्र गर्ने ग्रामीण क्षेत्रका पात्र-पात्राहरूलाई निम्न-वर्गीय भनियो... यो विचारनीय छ।

०५. गीत, निबन्ध, नियात्रा जस्ता साहित्यिक विधामा कलम चलाए तापनि तपाईंलाई कथाकार सानु लामा भनेर नै चिनिन्छ । तपाईंलाई कथाप्रति मोह हुनुको कारण ?

: शुरूमानै कथा लेखेर मेरो साहित्यिक जीवन शुरू भयो। पछि गएर गीत, नियात्रा, केही निबन्ध लेखियो तर त्यतिञ्जेल सम्म सानु लामा पाठकहरूकालागि 'कथाकार' बनिसकेको थियो। गुनासो केही छैन।

०६. तपाईंले कथा लेख्नु हुँदा जुन पात्रहरूको प्रयोग गर्नुभएको छ ती पात्रहरू तपाईंले आफ्नो वास्तविक जीवनमा नै भेटनु भएको हो वा आफै सिर्जना गर्नुभएको हो ?

: मनमा कथाको आकार प्रकारको संरचना भएपछि म पात्र पात्राको सिर्जनातिर लाग्छु। आफूले भेटेका पात्रहरू कम मात्रामा छन् मेरा कथाहरूमा।

०७. कथाको प्लट कहाँबाट लिनुहुन्छ ?

कथा लेख्नलाई आफ्नै वरिपरि प्रशस्त मात्रामा प्लटहरू हुन्छन्। त्यसैबाट आफूलाई न्याय दिनसक्ने प्लटलाई टिप्छु म।

०८. तपाईंले लेख्नु भएका धेरै कथाहरूमा कुन समयको कस्तो सिक्किम झल्किएको मान्नुहुन्छ ?

सिक्किमको निमित्त साल १९७३ एउटा कुइनेटो बन्नगयो। सार्वभौम सत्तासम्पन्न राष्ट्र सिक्किमलाई भारत देशमा विलय गराउने षड्यन्त्र शुरु भयो जुन प्रक्रिया साल १९७५ मा पूरा भयो। अधिका सिक्किमलाई पुराना सिक्किमेले बिर्सने त कुरै आएन। मेरा कथाहरूमा झल्केका अनि झल्कने त्यही पुरानो सिक्किम हो।

०९.आफ्ना कथाहरूमा सिक्किमको परिवेशलाई नै राखेर कथा सृजना गर्नुको कुनै खास औचित्य ?

त्यस्तो खासै कुरो त केही छैन। सिक्किम बाहिरका परिवेश भएका कथाहरू पनि धेरै छन्।

१०. कथा *सम्पद कथा* सङ्ग्रहभित्रको कथा *स्वास्नी मान्छे* कथामा वर्णित कच्चा लाइन वास्तव मै थियो अनि वर्णन भए जस्तै थियो ? त्यहाँका जीवनशैली, परिवेश, ठुलो कान्छा, ठुली कान्छी, सार्की कान्छा आदि पात्र वास्तविक हुन की कथित ?

त्यो कच्चा लाइन वर्णन गरिएजस्तै थियो। हुबहु त्यस्तै थियो। आधुनिकीकरण तथा विकासले गर्दा अब त्यो कच्चा लाइन रहेन। कुनै पनि कथाकारका कथाहरूमा बाहिर-भित्र गर्ने पात्र-पात्राहरू वास्तविकतामा आधारित भएर जन्मेका हुन्छन्। "स्वास्नीमान्छे" मा भएका पात्र पात्रा पनि त्यस्तै प्रकारले कथामा पस्न आएका हुन्।

११. *फूर्बाले गाउँ छोड्यो* कथाको पात्र फुर्बालाई तपाईले वास्तविक जीवनमा भेटे जस्तै लाग्छ। यस्तो सजीव चरित्रको निर्माण कसरी गर्नुहुन्छ ? आफ्ना कथाका चरित्रहरूलाई कहाँबाट टिप्नु हुन्छ ? चुन्नु हुन्छ ?

सिक्किमका कुनाकाप्चा, गाउँबस्तीतिर यस्ता पात्रहरू (फूर्बाहरू) धेरै पाइन्छ। उनीहरूलाई मनको आँखाले चिन्नसके, हृदयले बुझ्न सके ती पात्रहरू कथामा सजीव बन्न जान्छन्।

१२. *फूर्बाले गाउँ छोड्यो* कथामा फुर्बाले गाउँ छोडनुको कारण आफनो पत्नीले सुत्केरी अवस्थामा सामान्य स्वस्थ्य सेवा पनि नपाएर मृत्यु भएपछिको पत्नी वियोग मात्र नभएर त्यस समयको दक्षिण सिक्किमको स्वस्थ्य सेवाप्रति व्यङ्ग्य जस्तो देखिन्छ । यसबारे के कस्तो विचार राख्नु हुन्छ ।

त्यस प्रकारको दृष्टिकोणबाट त्यो कथा लेखिएको होइन। साधारणतः यस प्रकारको घटना कुनै नौलो होइन। आजको आधुनिक समयको पनि, आधुनिक स्वास्थ्य सेवा उपलब्ध हुँदाहुँदै पनि यस प्रकारका अप्रिय घटना घटिरहेको पाउँदों हामी।

१३. *सूर्यको तेस्रो किरण* कृतिको भुमिकामा यसलाई कथा सङ्ग्रह भनेर चिनाइएको तर अन्तमा सिक्किममा नेपाली साहित्यको गतिविधि शीर्षक दिएर निबन्ध राख्नुको औचित्य के होला ?

निबन्ध उसो लेखिएन। मदन व्याख्यानमालाको निमित्त मदन पुस्तकालय, नेपाल-ले अनुरोध गर्दा त्यो निबन्ध लेखेको हुँ। त्यो एउटा लेख कतै हराइजान्छ कि भन्ने डरले सूर्यको तेस्रो किरण कथा संग्रहमा राखेको हुँ।

१४. *छुँदै जाने सम्झनाहरू* कथामा गान्तोकदेखि सिङ्तामसम्म दुई रूपिया, रम्फूसम्म तीन रूपिया अनि कालेबुङ छ रूपिया गाडी भाडा रहेको कुरा लेख्नुभएको छ। तपाइँ स्वयं यस्ता गोटे गाडीमा यात्रा गर्नु हुन्थ्यो ? यस्ता यात्राका क्रममा कुनै कथाहरू जन्मिए कि ? कुनै चरित्र भेट्टाइए कि ?

कालेबुङ, दार्जीलिङ, सिलगढी तथा सिक्किमभित्रै यात्रा गर्दा यस्तो सुविधा थियो। यस्तो सुविधाको प्रयोग गरेर यात्रा गरेको हुँ।

१५. *छुँदै जाने सम्झनाहरू* कथा मात्रै नभएर एउटा ऐतिहासिक दस्तावेज जस्तो पनि लाग्छ। यो यहाँको सचेत प्रयास हो ?

यस कथामा मैले सरकारी नोकरीमा प्रवेश गर्दा शुरू शुरूका दिनहरूको वर्णन गरेको हुँ। यो एउटा कथा मात्र नभएर, तपाईंले भनेझैं 'दस्तावेज' पनि भन्न सकिन्छ।

१६. सन् १९७३ को आन्दोलन अनि भारतमा सिक्किम विलयको घटनाक्रमलाई तपाईंले नजिकबाट देखु भएको छ । कमला कथामा छुट्‌पुट् रूपमा लेखिए तापनि सिक्किम राष्ट्रदेखि राज्य हुनु भन्दा अघि सिक्किमको समाज, व्यवस्था, काजीहरूको अत्याचार, कुरूवा, कालो भारी, झार्लाङ्गी जस्ता कुप्रथाहरूप्रति सचेत साहित्यकार सानु लामा किन मौन देखिन्छन् ?

ती दिनहरूका नालीबेली इतिहासकार, राजनीतिज्ञ, साहित्यकारहरूले अघिबाटै लेखिसकेका छन्। प्रशस्त मात्रामा, मननीय। तीबारे मैले नलेख्नु मेरो मौनता म मान्दिनँ। कति कुरो मनैमा राखेर पनि विरोधाभास जनाउन सकिन्छ।

१७. सिक्किम विलयको समयमा भएको आन्दोलन अनि त्यस बेलाको राजनीति तपाईका कथाको विषय किन भएनन्?

अझै त कथा लेखिसकिएको छैन। धेरै बाँकी छ। के ठेगान भविष्यमा यो बारे पनि लेखिएला।

१८. *सात भाइकी चेली* कथामा मन्हाङ्ग सावादेन र तिनका तीनभाइ छोराहरू अनि कैंजले गाउँको स्थापनाको प्रसङ्ग वास्तविकता नै हो?

सिक्किममा यस प्रकारको बसाइँ सरेको साँचो हो। साल 1838 पछि इस्ट इण्डिया कम्पनी अनि सिक्किमका कतिपय काजी ठिकादारहरूले नेपाली कृषक, व्यापारी तथा श्रमजीवीहरूलाई सिक्किममा बसालेको हो।

मैले कथा लेख्दा यो आञ्चलिक कथा बनोस् भनेर लेखेको होइन। आफ्नै वरीपरीको परिवेशसित हातेमालो गर्दा कथा कथ्नु सजिलो पर्छ। आञ्चलिकतामा पनि म हाँसो-रोदन, माया-प्रीति, मिलन-वियोग र आफ्नै प्रकारको शीतल परिवेश पाउँछु। यसैले म त्यसप्रति मोहित हुन्छु। तर कथा आञ्चलिक भयो भनेर यसलाई साहित्यको भिन्न विधा म मान्दिनँ अनि अरूलाई पनि नमान्दिने आग्रह गर्दछु।

२०. के तपाईंका कथाहरूलाई सिक्किमको भौगोलिकता, यहाँको समाज र व्यवस्थामा आधारित सिक्किमका आञ्चलिक कथा मान्नु हुन्छ ?

मान्छु।

२१. *केही आफनो केही अरूको* कथाका माध्यम तपाईंले सिक्किम अञ्चलले आफनो आञ्चलिक विशेषताहरू गुमाएको कटुसत्यलाई प्रकाश पार्न खोज्नु भएको हो ?

अघिनै भनें साल 1973 सिक्किमको लागि एउटा कुइरो बन्यो। त्यस पछि सिक्किमले के के गुमायो अनि के पायो त्यो त एउटा खुला किताप झैं हाम्रो सामु छ। गुमाएकोभन्दा दोबर पाए पनि मनको एक कुना सधैं तृषित रहेको दुःखद अनुभूति [illegible] भइरहन्छ। यो अनुभूति अपुगबाट होइन तर विच्छिन्नताबाट जन्मेको हो।

२२. प्रत्येक सर्जकमा आफ्नै किसिमको विशेषता हुन्छ, तथापि भारतीय नेपाली कथा लेखनका सन्दर्भमा तपाईं आफुलाई कुन कथाकारका नजिक पाउनु हन्छ ? तपाईंलाई भारतीय कुन कथाकारका कथाहरू मनपर्छ ?

यस प्रश्नको उत्तरमा एकजना मात्र कथाकारको नाम लिनु हो भने ती व्यक्ति हुन् स्व॰ इन्द्रबहादुर राई।

२३. कथाबारे आफ्नो संङ्क्षिप्त मन्तव्य राखिदिनु हुन्छ कि ?

कथा पढ्ने सामग्री मात्र नभएर समाजलाई उज्यालोतिर डो-याउने गोरेटो पनि हो। कथाले जे भन्छ, समाजले सबै पत्याउँछ। यसैसले कथाले ढाँट्नु हुँदैन।

योभन्दा बेसी म के भनूँ!

धन्यवाद।

# परिशिष्ट २




कथाकार सानु लामासित अनतरवार्ता लिदैं गरेको तस्वीर




कथाकार सानु लामासितको तस्वीर




शोधकार्यको समयमा *नेपाली आञ्चलिक उपन्यास* पुस्तकको लेखक
राजकुमारी दाहालसितको भेटघाटमा लिइएको तस्वीर